भाग एक

# परिचय

## १.१ परिभाषाः

पर्यटनको अर्थ वा परिभाषा सम्बन्धमा स्थानपिच्छे र व्यक्तिपिच्छे फरक फरक धारणाहरु रहेको पाइन्छ । नेपालमा पर्यटन ऐन, २०३५ अनुसार 'पर्यटक' भन्नाले "विदेशी मुलुकबाट भ्रमणको लागि नेपाल राज्यमा आउने गैर नेपाली नागरिक" सम्झनु पर्दछ । त्यसरी नै, 'नेपाली पर्यटक' भन्नाले "नेपालको एक स्थानबाट अर्को स्थानमा भ्रमण गर्ने नेपाली नागरिक" सम्झनु पर्दछ ।

विश्व पर्यटन संगठनको परिभाषा अनुसार 'पर्यटन' भन्नाले "आफ्नो साबिक वसोवास स्थानभन्दा फरक स्थानमा लगातार एक वर्षभन्दा कम अवधिसम्म मनोरञ्जन, ब्यापार वा अन्य कुनै खास उद्देश्यका लागि यात्रा गर्ने ब्यक्तिका कृयाकलापहरु" भन्ने बुझ्नु पर्दछ ।

पर्यटन ऐन, २०३५ को ब्याख्या अनुसार - 'पर्यटन ब्यवसाय' भन्नाले "पर्यटकहरुको निमित्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय परिवहनको सेवा पुर्याउने र पर्यटकहरुलाई नेपाल राज्यभित्र वा नेपाल राज्य बाहिर कुनै पनि स्थानमा पूर्ण वा आंशिक रुपमा परिवहन, बसोबास, भ्रमण ब्यवस्था, रेष्टुरेण्ट सेवा, दृश्यावलोकन, पथ प्रदर्शन, पर्वतारोहण, पदयात्रा, जलयात्रा तथा अन्य साहसिक एवं मनोरञ्जनात्मक सेवा पुर्याउने र सो बापत विदेशी मुद्रा आर्जन गर्ने प्रकृतिका कारोबार" सम्झनु पर्दछ ।

संक्षेपमा, आफ्नो साबिक बसोबासस्थानभन्दा फरक स्थानमा यात्रा वा भ्रमण गर्ने ब्यक्तिलाई पर्यटक, पर्यटकले आफ्नो भ्रमणको क्रममा गर्ने कृयाकलापहरुको समष्टीगत रुपलाई पर्यटन र पर्यटकलाई आवश्यक पर्ने सबै कुराहरुको ब्यवस्था गर्ने ब्यवसायलाई पर्यटन ब्यवासाय भन्न सकिन्छ ।

## १.२ किसिमः

पर्यटनको परिभाषा सम्बन्धमा विविधता भए झैं पर्यटनका किसिमहरुको विषयमा पनि विविधता रहेको देखिन्छ । पर्यटनका प्रमुख र सर्वस्वीकार्य किसिमहरुलाई निम्न अनुसार संक्षेपीकरण गर्न सकिन्छः-

**आरोहण पर्यटनः** आरोहण पर्यटन सर्वाधिक चर्चित र कुनै समय पर्यटनकै पर्यायको रुपमा लिने गरिएको पर्यटन हो । नेपालमा विदेशी पर्यटकहरुको ठूलो हिस्सा आरोहण पर्यटनले ओगट्ने गरेको छ । विश्वको सर्वोच्च शिखर सगरमाथा, तेस्रो उच्च शिखर कञ्चनजङ्घा, आरोहीहरुको रोजाइको सुन्दर शिखर आमाडाब्लम लगायत दर्जनौं ८,००० मिटरभन्दा उच्च हिमशिखरहरु भएकोले आरोहण पर्यटन नेपालको प्रमुख पर्यटनको रुपमा रहिरहने सम्भावना छ ।



**पर्यापर्यटनः** पर्यापर्यटन (Eco-Tourism) भनेको पर्यावरणीय पर्यटन वा Ecological Tourism को संक्षिप्त रुप हो । प्रकृतिको अमूल्य वरदानको रुपमा रहेका हिमशिखर र हिम-श्रंखलाहरु, नदीनाला, ताल-तलैया, झरना, सिमसार क्षेत्र, वन-जंगल, वन्यजन्तु, वनस्पति र जैविक विविधताको समष्टिगत रुप नै पर्यावरण हो र पर्यावरणमा आधारित पर्यटन नै पर्यापर्यटन हो । पर्यापर्यटन अन्तर्गत रमणीय र जैविक विविधतायुक्त प्रकृतिसँग रम्दै गरिने पदयात्रा, अध्ययन-अनुसन्धान, अवलोकन र मनोरञ्जन जस्ता कृयाकलापहरु समाविष्ट हुन्छन् । शास्वत सत्य यो हो कि पर्यावरण नै पर्यटनको मूल आधार हो र दिगो पर्यटनको अवधारणा अनुसार पर्यटन सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्दा पर्यावरणलाई प्रतिकूल असर नगर्ने पक्षमा उच्चतम ध्यान दिनु पर्दछ । अर्को शब्दमा, पर्यापर्यटनको मूल मर्म नै "Take only photographs; leave only footprints", अर्थात् "फोटो मात्र लिनुहोस्-पैतालाको डोब मात्र छोड्नुहोस्" भन्ने हो ।



**धार्मिक पर्यटनः** धार्मिक पूजाआजा वा अनुष्ठान, तीर्थाटन र देवदेवादीको दर्शनको लागि गरिने यात्रा वा पर्यटन नै धार्मिक पर्यटन हो । धार्मिक पर्यटनलाई प्राचीन पर्यटनको रुपमा लिन सकिन्छ । महाशिवरात्रीमा पशुपतिनाथको मन्दिर परिसरमा हुने भक्तजनहरुको सहभागिता, चतराधाममा लाग्ने धार्मिक मेला, पाथीभरा (मुक्कुमलुङ), हलेसी महादेव, लुम्बिनी क्षेत्र, मुक्तिथान जस्ता धार्मिक स्थलहरु, तिब्बतको कैशाल पर्वत र मानसरोवर क्षेत्र, भारतको उज्जैन, नासिक, प्रयाग र हरिद्वारमा लाग्ने गरेको कुम्भ मेलाहरु र मक्का मदिनामा लाग्ने धार्मिक मेला, जहाँ एकै पटक करोडौं भक्तजनहरु पुग्ने गरेको तथ्याङ्कले धार्मिक पर्यटन एक प्रमुख पर्यटन हो भन्ने कुरा पुष्टि हुन्छ । वास्तवमा, धार्मिक पर्यटन नै बृहत पर्यटनको मुख्य रुप हो ।



**सांस्कृतिक पर्यटनः** प्राकृतिक सौन्दर्य र जैविक विविधताको अतिरिक्त कुनै खास जाति वा सम्प्रदायका मानिसहरुको पृथक भाषा, लिपि, भेषभूषा, रीतिरिवाज, धर्म-संस्कार, चाडपर्व, चालचलन र परम्परागत जीविकोपार्जन पद्धतिहरुको वारेमा चासो वा रुची लिने, त्यसबाट मनोरन्जन वा आनन्द लिने तथा त्यस सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने हेतुले पनि असंख्य पर्यटकहरुको आगमन हुने गरेको छ । यस किसिमको पर्यटनलाई सांस्कृतिक पर्यटन भनिन्छ ।



**खेलकूद पर्यटनः** ओलम्पिक खेलकूद, फुटबल, क्रिकेट, टेनिस, बास्केटबल, कराँते, पौडी जस्ता विश्व प्रसिद्ध खेलहरुका अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय स्तरका प्रतियोगिताहरुको आयोजना हुँदा असंख्य खेलाडी, खेल प्रशासक, दर्शक र शुभचिन्तकहरुले सहभागिता जनाउँदछन् । प्रतियोगितामा सहभागिता जनाउनु भनेको आयोजक राष्ट्र वा स्थलमा पर्यटकीय गतिबिधिहरु बृद्धि हुनु हो, जहाँ ठूला होटल, सुपरमार्केट, सपिङ मल, टेलिभिजन च्यानल र सञ्चार माध्यमहरुले अभूतपूर्व ब्यापारको अवसर प्राप्त गर्दछन्, असंख्य मानिसहरुले काम र रोजगारीको अवसर प्राप्त गर्दछन् र अर्थतन्त्र नै चलायमान बन्दछ । यस प्रकार खेलकूद पर्यटन विश्वकै एक प्रमुख पर्यटनको रुपमा विकास भएको छ ।



**साहसिक खेल पर्यटनः** प्याराग्लाइडिङ, राफ्टिङ, बञ्जी जम्प, रक क्लाइम्बिङ, कठिन ट्र्याकमा साइक्लिङ रेस, क्यानोनिङ, जंगल सफारी, स्काई ड्राइभिङ, स्कीइङ, हाई अल्टिच्युड रेस, बीच भलिबल जस्ता साहसिक खेल गतिविधिहरुमा आधिरत पर्यटन नै साहसिक खेल पर्यटन हो ।





पछिल्लो समयमा साहसिक खेल पर्यटन प्रति नेपालभित्र र विश्वव्यापी रुपमा चासो र आकर्षण बढ्दै गएको छ र सोही अनुपातमा यस क्षेत्रमा लगानी पनि बृद्धि हुँदै गएको देखिन्छ ।

**शैक्षिक/अनुसन्धान पर्यटनः** पछिल्लो समयमा विकसित शिक्षण विधिहरुले समग्र सिकाइ प्रकृयालाई कक्षाकोठाभित्र मात्र सीमित नगरी बढी भन्दा बढी प्रयोगात्मक र जीवनका प्रत्यक्ष भोगाइबाट प्राप्त अनुभवहरुमा आधारित (learning from real-life experiences) सिकाइ प्रकृयाको रुपमा विकास गर्नु पर्ने कुरामा जोड दिएको पाइन्छ । यससँगै, विद्यार्थी र शिक्षकहरुले सँगसँगै गर्ने शैक्षिक भ्रमण जस्ता कृयाकलापहरुको मात्रा बढ्दै गएको छ । यस्तो शैक्षिक भ्रमण र अनुभव आदान-प्रदान कार्यक्रमहरु देशभित्र र बाहिरसम्म हुने गर्दछ । यसको अतिरिक्त अध्ययनका कुनै खास क्षेत्रमा गहनतम् अध्ययन, अनुसन्धान गर्ने उद्देश्यले विभिन्न शैक्षिक वा अध्ययन संस्थानहरु, सरकारी निकायहरु एवं विकासे संस्थाहरुले समेत अध्ययन, अवलोकन कार्यक्रमहरु आयोजना गर्ने गर्दछन् । अन्ततः यसले पर्यटनको रुप धारण गर्दछ ।



**कृषि पर्यटनः** नवीनतम् प्रविधि र ब्यवस्थापन कौशलबाट सुसज्जित कृषि फार्मलाई पर्यटन ब्यवसायसँग एकाकार गर्ने पछिल्लो अवधारणा नै कृषि पर्यटन हो । मूलभूत कुरा, परम्परागत प्रविधि र ब्यवस्थापनभन्दा पृथक, फार्मको हातालाई आगन्तुकहरुले भरपुर आनन्दी लिन सक्ने गरी पर्यटकीय दृष्टिकोणबाट सजाउने, उत्पादनहरुलाई सरल, सहज र सुरक्षित रुपमा खरीद गर्न सक्ने ब्यवस्था मिलाउने, विश्राम लिने, फार्मका उत्पादनहरुको परिकारहरुको रसस्वादन गर्न पाउने ब्यवस्था सहितको कृषि फार्मले असंख्य आगन्तुकहरुलाई आकृष्ट गर्न सक्दछ । यसबाट कृषि उत्पादन र उत्पादकत्व बृद्धि, उत्पादित वस्तुहरुको गुणस्तरमा सुधार, प्राविधिक ज्ञान र सूचना आदान-प्रदान गर्न सहयोग पुग्ने मात्र नभई ब्यावसायिक स्थायित्व समेत अभिबृद्धि हुन्छ ।



**कूटनीतिक पर्यटनः** संयुक्त राष्ट्र संघ महासभा, सार्क सम्मेलन, जलवायु परिवर्तन सम्बन्धी विश्व सम्मेलन जस्ता अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय स्तरका सभा सम्मेलनहरु आयोजना हुँदा ठूलो संख्यामा विभिन्न मुलुकका उच्च पदस्थ अधिकारीहरु, कूटनीतिक नियोगका अधिकारीहरु, निजी क्षेत्रका प्रतिनिधिहरु र विज्ञहरुको जमघट हुने गर्दछ । यसबाट आयोजक राष्ट्र वा स्थलमा उल्लेख्य रुपमा देशी विदेशी पर्यटकहरुको सहभागिता हुने गर्दछ । यस किसिमको पर्यटन नै कूटनीतिक पर्यटन हो ।




**पर्यटनका अन्य किसिमहरुः** आधुनिक जमानामा चर्चित हुँदै गएका पर्यटनका अन्य किसिमहरुमा स्वास्थ्य पर्यटन, फिल्म पर्यटन, ब्यापार पर्यटन, अन्तरीक्ष पर्यटन, यौन पर्यटन, आदि छन् । तातोपानीमा नुहाउने, मसाज, सौना वाथ, प्राकृतिक चिकित्सा सेवा लिन पर्यटकहरु आउने गर्दछन् । हलिउड, बलिउड र नेपालमै पनि बेला बखत हुने गरेका फिल्मी अवार्ड सम्मेलनहरु, पृथक विधाका फिल्म महोत्सबहरु फिल्म पर्यटनका उदाहरणहरु हुन् । कम्प्युटर र प्रविधि सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मेलाहरु, अटो शोहरु र प्रदर्शनी मेलाहरु ब्यापार पर्यटनका उदाहरण हुन् । युरोप, अमेरिका, ल्याटिन अमेरिकाको अतिरिक्त थाइल्याण्ड, मलेशिया र सिंगापुर जस्ता उदियमान पूर्वी एशियाली राष्ट्रहरुमा पछिल्लो समयमा फस्टाउँदै गएको यौन पर्यटन ती राष्ट्रहरुको पर्यटनको मुख्य हिस्सा बन्दै गएको देखिन्छ ।



## १.३ नेपालमा पर्यटनः

नेपालमा पर्यटन उद्योगको विकासको सम्भावना उच्च रहेको छ । विश्वको सर्वोच्च शिखर सगरमाथा, तेस्रो उच्च शिखर कञ्चनजङ्घा, आरोहीहरुको रोजाइको सुन्दर शिखर आमाडाब्लम लगायत दर्जनौं ८,००० मिटरभन्दा उच्च, मनोरम हिमशीखरहरुले नेपाललाई विश्वभरका पर्वतारोही पर्यटकहरुको मुख्य गन्तब्यको रुपमा चिनाएका छन् ।

अनुपम भौगोलिक बनावट, सबै प्रकारका हावापानी मिस्रित अनौठो जलवायु, अपार प्राकृतिक सुन्दरता रारा ताल, तिलिचो ताल, बेगनास ताल जस्ता असंख्य बिशाल तालतलैयाहरु, फङफङदेन, ह्यात्रुङ, पाचाल र रुप्से लगायत असंख्य मनमोहक झरनाहरु, तीनजुरे-मिल्के-जलजले, कञ्चनजङ्घा क्षेत्र जस्ता अद्बित्तीय जैविक विविधतायुक्त स्थलहरुले असंख्य पर्यटकहरुलाई आकर्षित गर्न सक्ने भएकोले नेपालमा पर्यापर्यटनको सम्भावना प्रचुर छ ।

नेपाललाई सगरमाथाको देश मात्र होइन, गौतम बुद्धको जन्मभूमि भनेर पनि चिनिन्छ । काठमाडौं उपत्यकालाई मन्दिरहरुको शहरको उपमाबाट चिनिन्छ र यहाँका असंख्य मठमन्दिर, गुम्बा, चैत्य र पवित्र धार्मिक स्थलहरुलाई संसारभरका मानिसहरुको आस्था र आकर्षणको थलोको रुपमा लिइन्छ । हिन्दू धर्मावलम्बीहरुको आस्थाको केन्द्र पशुपति, बौद्धमार्गीहरूको आस्थाको केन्द्र लुम्बिनी, पाथीभरा (मुक्कुमलुङ), बराह क्षेत्र, चतराधाम, छिन्नमस्ता, गढीमाई, जानकीधाम, काठमाडौं उपत्यकाभित्र पशुपति, गुहेश्वरी, चाँगुनारायण लगायतका चार नारायण, बंगलामुखी लगायतका शक्तिपीठहरू, मुस्लिम धर्मावलम्बीहरुको मस्जिद, गुरु नानकको मन्दिर, बौद्ध, स्वयम्भूनाथ, खोटाङको हलेसी महादेव, दोलखा भीमसेन, गोरखाको मनकामना, गोरखनाथ र लिगलिगकोट, गोसाइकुण्ड, देवीघाट, देउघाट र त्रिवेणीको संगम, पाल्पाको भैरवनाथ र ऋषिकेश, प्यूठानको स्वर्गद्वारी, मुस्ताङको मुक्तिनाथ, गुल्मीको रिडी र रेसुंगा, सुर्खेतको काँक्रेविहार, अछामको वैद्यनाथ र पश्चिमको खप्तड क्षेत्र जस्ता असंख्य धार्मिक स्थलहरु भएको कारणले नेपालमा धार्मिक पर्यटनको सम्भावना सदा उच्च रहेको छ ।

जनगणना २०६८ अनुसार नेपालका १२५ भन्दा बढि बिभिन्न जाति, उनीहरुले बोल्ने १२३ किसिमका मातृभाषा, उनीहरुका पृथक धर्म, संस्कृति, रीतिरिवाज, भेषभूषा र चाडपर्वहरु समेत नेपालको पर्यटन ब्यवसायका बलिया धरोहरहरु हुन् । झ्याउरे, दोहोरी, रोधी, सालैजो, कौडा, देउडा, मारुनी, घाटु, सोराठी र बालन नेपालका मौलिक सांस्कृतिक धरोहरहरु हुन् । पर्यटक सन्तुष्टिको स्तरबारे गरिएको एक सर्वेक्षणले पोखरा भ्रमण गर्ने मध्ये ५१ प्रतिशत पर्यटकले नेपाली जीवनशैली, चालचलन र मैत्रीभावपूर्ण व्यवहारलाई मन पराएको देखिएको छ । यसबाट पनि हाम्रो सांस्कृतिक एवं परम्परागत मूल्य, मान्यता र गतिबिधिहरु पर्यटकीय दृष्टिमा कति महत्वपूर्ण रहेछन् भन्ने प्रष्ट हुन्छ । यसको अतिरिक्त, नेपाली समाजको भिन्न परिचायकको रुपमा रहेको "अतिथि देवो भवः" को संस्कार आफैंमा पर्यटनमैत्री संस्कारको रुपमा रहेको छ ।

हिमाली क्षेत्रबाट उत्पति भई भिरालो पहाडी क्षेत्र छिचोलेर दक्षिणतर्फ बग्ने तमोर, त्रिसुली, कालीगण्डकी, अरुण लगायतका सदाबहार नदीहरुमा बाह्रै महिना राफ्टिङ, बञ्जी जम्पिङ जस्ता साहसिक खेल पर्यटन सञ्चालन गर्न सकिन्छ । पोखराको साराङकोटबाट सुरु भएको प्याराग्लाइडिङ र भोटेकोशीबाट सुरु भएको बन्जी जम्पको विस्तार क्रमशः अन्यत्र पनि हुँदै गएको छ ।

**अन्तमा,** पर्यटन उद्योग विश्वका ठूला उद्योगहरु मध्ये सातौं स्थानमा रहेको उद्योग हो । नेपालको हकमा यो क्षेत्र विदेशी मुद्रा आर्जन गर्ने (भुक्तानी सन्तुलन कायम गर्ने) मात्र नभई रोजगारी र स्वरोजगारी प्रबर्द्धन गर्ने प्रमुख सशक्त माध्यम समेत हो । राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान नेपालको कूल गार्हस्थ उत्पादनको ३ प्रतिशत र कूल रोजगारीको २० प्रतिशत रहेको छ । नेपाल सरकारले पर्यटन क्षेत्रको योगदानलाई बढाएर १० प्रतिशत पुर्याउने लक्ष्य लिएको छ ।

## १.४ नेपालमा पर्यटन प्रबर्द्धन प्रयासः

नेपालको संविधान, २०७२ को भाग ४ (राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व), धारा ५१ (ठ) "पर्यटन सम्बन्धी नीति" ले "नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रबर्द्धन एवं प्रचार-प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने " ब्यवस्था गरेको छ ।

नेपालमा पर्यटन क्षेत्रको विकास सम्बन्धी सरकारी प्रयासलाई हेर्दा वि.सं. २०१६ मा पर्यटन बोर्डको स्थापना, वि.सं. २०१८ मा निर्माण तथा यातायात मन्त्रालय अन्तर्गत पर्यटन विभागको गठन पर्यटन प्रबर्द्धको दिशामा चालिएका केही ठूला कदमहरु थिए । सन् १९७२ को पर्यटन गुरुयोजना र प्रशासन सुधार आयोग, वि.सं. २०३२ को सिफारिश समेतको आधारमा पर्यटन क्षेत्रको योजनाबद्ध विकास तथा प्रबर्द्धन गर्न केन्द्रीय पर्यटन प्रशासनिक निकायको रुपमा वि.सं. २०३४ सालमा छुट्टै पर्यटन मन्त्रालयको स्थापना गरियो । वि.सं. २०३९ मा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय नामाकरण गरियो । वि.सं. २०५५ सालमा नेपाल नागरिक उड्डयन प्राधिकरण र नेपाल पर्यटन बोर्डको स्थापना गरियो । वि.सं. २०५७ मा साविक पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको रुपमा नामाकरण गरियो, जुन आजसम्म कायम छ । मन्त्री परिषदको निर्णयानुसार मिति २०७१ भाद्र महिनामा पर्यटन विभागको स्थापना गरियो । मन्त्रालय अन्तर्गत संस्कृति सम्बन्धी ९ वटा र पर्यटन सम्बन्धी १४ वटा समितिहरु कृयाशील रहेका छन् ।

हाल "राष्ट्रिय पर्यटन रणनीतिक योजना २०१६-२०२५" नामक १० वर्षीय योजना कार्यान्वयनको क्रममा रहेको छ भने पर्यटन ऐन, २०३५ (चौथो संशोधन २०७२) को अतिरिक्त पर्यटन नीति, २०६५ तथा ट्राभल तथा ट्रेकिङ् एजेन्सी नियमावली २०६२, होटल, लज, रेष्टूराँ, बार तथा पथप्रदर्शक नियमावली, २०३८ कार्यान्वयनमा छन् ।

त्यस्तै, २०६८ पुष २८ गतेको मन्त्रीपरिषद्को बैठकले सन् २०१३ देखि २०१९ सम्मका ७ वर्षहरुलाई पर्यटन अभियान वर्ष तथा अन्तिम वर्ष २०२० लाई आन्तरिक भ्रमण तथा नागरिक वर्षका रुपमा मनाउने निर्णय गरेको छ, जस अन्तर्गत सिम्ले-जलजला-ढोरपाटन-कर्णाली पर्यटन वर्ष २०१३, विदेह-मिथिला-सलेह पर्यटन वर्ष २०१४, बिराट मेची पर्यटन वर्ष २०१५, रुरु-पोखरा-अन्नपूर्ण-मनास्लु पर्यटन वर्ष २०१६, सिम्रौनगढ-काठमाडौं-लाङटाङ पर्यटन वर्ष २०१७, अरुण-सगरमाथा पर्यटन वर्ष २०१८, चिसापानी-खप्तड-रामारोशन पर्यटन वर्ष २०१९ मनाउने निर्णय गरिएको थियो । अहिले सिंगो मुलुक नेपाल भ्रमण वर्ष २०२० मा होमिएको छ ।

नेपाल सरकारले आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम मार्फत पर्यटन क्षेत्रको विकासको लागि प्रदेश र स्थानीय तहसँगको साझेदारीमा आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धनका लागि मुलुकभर कम्तीमा १०० वटा नयाँ पर्यटकीय गन्तब्य स्थलहरुको पहिचान गरी विकास तथा प्रबर्द्धनको लागि बजेट बिनियोजन समेत गरेको छ ।

परम्परागत रुपमा मौसमी उद्योगको रुपमा मात्र सीमित रहेको पर्यटन उद्योगलाई बाह्रै महिना चलायमान बनाई राख्न ***"पहिले देश अनि विदेश"*** को अवधारणा अनुरुप आन्तरिक पर्यटनलाई प्रबर्द्धन गर्ने तथा भारत र चीन लक्षित पर्यटन प्रबर्द्धन गर्ने पछिल्लो सरकारी प्रयासले सम्भावनाको नयाँ क्षितिज उघारेको छ ।

नेपालमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकार सहितको संघीय शासन ब्यवस्था कायम भएको छ । नेपाल सरकारले तय गरेका योजना, नीति र कार्यक्रमहरु कार्यान्वयन गर्ने आधारभूत तह भनेको स्थानीय तह नै हो ।

अतः नेपालको संविधान २०७२ ले परिकल्पना गरे बमोजिम पर्यटन उद्योगको विकास गर्ने, तदनुकूल पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने कार्यलाई मूर्त रुप प्रदान गर्न नेपालका ७५३ वटै गाउँपालिका तथा नगरपालिकाहरुले अग्रपंक्तिमा रहेर कार्य गर्नु पर्ने आवश्यकता छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(१) बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयगत र क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने छ । ऐनको दफा ११(छ)(११) बमोजिम पर्यटन क्षेत्रको विकास, विस्तार र प्रबर्द्धन सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन गर्ने एवं दफा ११(छ)(१२) बमोजिम नवीन पर्यटकीय सेवा तथा कार्यहरु सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन गर्ने कार्य गाउँपालिका तथा नगरपालिकाहरुले गर्नु पर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ११(घ)(३) मा ट्रेकिङ, कायाकिङ, क्यानोनिङ, बञ्जी जम्प, जिपफ्लायर, र्याफ्टिङ, मोटरबोट, केबुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क निर्धारण गर्ने र लिने अधिकार समेत गाउँपालिका तथा नगरपालिकाहरुलाई प्रत्यायोजन गरेको छ ।

यसर्थ, आन्तरिक राजश्व बृद्धि एवं स्थानीय जनताको सामाजिक-आर्थिक अवस्थामा सुधार गर्नको निमित्त गाउँपालिका स्तरमा पर्यटन गुरुयोजना निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लैजानु बाञ्छनीय हुनेछ ।

## १.५ मैवाखोला गाउँपालिकाको पर्यटन गुरुयोजना

माथि नै उल्लेख गरिए झैं गाउँपालिका तथा नगरपालिकाहरुले पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य लगायत विशेष क्षेत्रहरुको यथोचित विकासको माध्यमबाट आफ्ना नागरिकहरुको सामाजिक-आर्थिक अवस्थामा सुधार ल्याउन र स्थानीय एवं राष्ट्रिय अर्थतन्त्रलाई मजबूत बनाउन आ-आफ्नो तहबाट योजनाबद्ध किसिमले पहल र प्रयत्न गर्नु आवश्यक छ ।

नेपालको संविधान, २०७२ तथा नेपालको संघीय शासन व्यवस्थालाई कार्यान्वयन गर्नका निमित्त निर्माण भएका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत बिभिन्न ऐन, कानून र नीतिहरुको कार्यान्वयनको लागि समेत गाउँपालिका तथा नगरपालिकाहरुले आ-आफ्नो क्षेत्रको दिगो र व्यवस्थित विकासको लागि आवधिक, रणनीतिक एवं वार्षिक योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्नु नितान्त जरुरी छ ।

तसर्थ, मुलुककै एक प्रमुख उद्योग, विदेशी मुद्रा आर्जनको मुख्य स्रोत र भुक्तानी सन्तुलनको प्रमुख माध्यमको रुपमा रहेको पर्यटन क्षेत्रको प्रबर्द्धन र विकासको लागि हरेक गाउँपालिका तथा नगरपालिकाहरुले आ-आफ्नो पर्यटन गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्नु उत्तिकै आवश्यक छ । यसबाट मात्र नेपाल सरकारले अगाडि सारेको राष्ट्रिय पर्यटन रणनीतिक योजना २०१६-२०२५ लगायत पर्यटन क्षेत्रको विकासको लागि अगाडि सारिएका नीति र कार्यक्रमहरुको सफल कार्यान्वयन सम्भव हुन सक्दछ ।

यही पृष्ठभूमिमा मैवाखोला गाउँपालिकाले "गाउँपालिकाको **सप्तवर्षीय पर्यटन गुरुयोजना (२०७७/७८-२०८३/८४)"** तर्जुमा गरेको छ । यसरी गाउँपालिका स्तरीय आवधिक गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्ने जमर्को गर्नु आफैंमा एक उल्लेखनीय र सराहनीय कार्य हो ।

## १.६ गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गर्नुको कानूनी आधार

माथि उल्लेख गरिए अनुसार गाउँपालिका तथा नगरपालिकाहरुले आ-आफ्नो क्षेत्रको सर्वाङ्गीण विकासको लागि आवधिक, रणनीतिक, विषयगत र क्षेत्रगत योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्नाका लागि पर्याप्त कानूनी आधारहरु छन्, जसलाई देहाय बमोजिम चर्चा गर्न सकिन्छः

क. नेपालको संविधान २०७२ को अनुसूची ८ को क्रमसंख्या ७ मा स्थानीय तहको योजना तर्जुमा सम्बन्धी अधिकारलाई सूचीकृत गरिएको छ ।

ख. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-६, दफा २४ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयगत तथा क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने छ भनी पर्यटन क्षेत्र जस्तो महत्वपूर्ण क्षेत्रको यथोचित विकासको लागि पर्यटन योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने स्पष्ट व्यवस्था गरेको छ । त्यस्तै, परिच्छेद-३, दफा ११ (छ) (११) मा पर्यटन क्षेत्रको विकास, विस्तार र प्रबर्द्धन सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, ब्यवस्थापन, अनुगमन तथा नियमन गर्नु पर्ने तथा (१२) मा नवीन पर्यटकीय सेवा तथा कार्यहरु सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, ब्यवस्थापन, अनुगमन तथा नियमन गर्नु पर्ने स्पष्ट ब्यवस्था गरिएको छ ।

ग. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कै परिच्छेद-३, दफा ११ (घ)(३) मा ट्रेकिङ, कायाकिङ, क्यानोनिङ, बञ्जी जम्प, जिपफ्लायर, र्‍याफ्टिङ, मोटरबोट, केबुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तगा साहसिक खेलको शुल्कलाई गाउँपालिका तथा नगरपालिकाहरुले लिन सक्ने स्थानीय कर, सेवा शुल्क तथा दस्तुरको वर्गमा राखिएको छ ।

## १.७ गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गर्नुको उद्देश्य

मैवाखोला गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गर्नुका उद्देश्यहरु देहाय बमोजिम छन्:-

१. मैवाखोला गाउँपालिकाको पर्यटन क्षेत्रको विकास, विस्तार र प्रबर्द्धनको निमित्त पर्यटकीय सेवा तथा कार्य सम्बन्धी नवीन एवं उच्च सम्भावनायुक्त कार्यक्रम र आयोजनाहरुको पहिचान गर्ने ।

२. ती आयोजनाहरुको प्रभावकारी कार्यान्वयन, ब्यवस्थापन, अनुगमन तथा नियमन गर्नको निमित्त सु-स्पष्ट मार्गचित्र र कार्ययोजना तयार गर्ने ।

३. कार्ययोजना कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय तथा अन्य स्रोत ब्यवस्थापन गर्न आवश्यक आधारशीला निर्माण गर्न सहयोग पुर्‍याउने ।

## १.८ गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा विधि

मैवाखोला गाउँपालिकाको सप्तवर्षीय पर्यटन गुरुयोजना (२०७७/७८-२०८३/८४) तर्जुमा गर्दा देहायका विधिहरु प्रयोग गरिएको छः-

### गाउँ कार्यपालिकासँग अन्तरकृयाः

प्रारम्भमा गाउँकार्यपालिकाका पदाधिकारी तथा सदस्यहरुसँग छलफल गरी गाउँपालिकाभित्रका पर्यटकीय महत्वका सम्पदाहरुको सूची संकलन गर्ने, सम्भावित पदमार्ग तथा सम्पदा मार्गहरुको रेखाङ्कन गर्ने र उच्च सम्भावनायुक्त आयोजनाहरुको पहिचान गर्ने कार्य सम्पन्न गरियो ।

**स्थलगत अध्ययन-अवलोकनः**

गाउँपालिकाभित्रका उच्च सम्भावनायुक्त पर्यटकीय स्थल र सम्पदाहरुको स्थलगत रुपमा अध्ययन-अवलोकन गरी पर्यटकीय सम्भाव्यता अध्ययन गर्ने कार्य सम्पन्न गरियो । यस क्रममा गुराँसको राजधानी भनेर चिनिने मिल्के क्षेत्र, झ्याउपोखरी, कर्मा छ्योलिङ गुम्बा, मदन भण्डारीको जन्मघर र निर्माणाधीन रंगशालाको अवलोकन गरी स्थानीय वासिन्दाहरुसँग समेत आवश्यक छलफल गरियो ।

**लक्षित समूह छलफलः**

स्थानीय शिक्षकहरु तथा धार्मिक-सांस्कृतिक सम्पदाहरुको विषयमा जानकारी राख्ने समुदायका अगुवा ब्यक्ति-ब्यक्तित्वहरुसँग छलफल गरियो । त्यस्ता छलफलहरुको माध्यमबाट ऐतिहासिक पात्र काङसोरेले प्रयोग गर्ने गरेको ओढार, सिन्दोलुङ मैवा थुमका १३ थरी याक्थुङहरुका पुर्खा हाम्युङबाको माङ्गेन्ना यक, चिनीयाँ मुर्तिकारले निर्माण गरेको मुर्ति राखिएको करिव २०० वर्ष पुरानो गुम्बा र याक्थुङ जातिमा पहिलो चोटी येबा प्रकट भएको स्थान असाङलुङ जस्ता ऐतिहासिक एवं धार्मिक रुपले अति नै महत्वपूर्ण सम्पदाहरुको विषयमा महत्वपूर्ण तथ्यहरु संकलन गर्न सम्भव भयो ।

**प्रारम्भिक मस्यौदा उपर बिस्तृत छलफलः**

गाँउसभाका सबै सदस्यहरु र गाउँपालिकिभित्रको अन्य अगुवा ब्यक्तित्वहरु समेतको समुपस्थिति र सहभागितामा गाउँपालिकाको पर्यटन गुरुयोजनाको प्रारम्भिक मस्यौदा उपर बिस्तृत छलफल गरी योजनाको अन्तिम रुप तयार गरियो । कार्यक्रमहरुको प्राथमिकताक्रम निर्धारण गर्न जोडी स्तरीकरण विधिको प्रयोग गरियो ।

♣


भाग दुई

# मैवाखोला गाउँपालिकाको संक्षिप्त परिचय

## २.१ भौगोलिक अवस्थितिः

मैवाखोला गाउँपालिका नेपालको सुदूर उत्तर-पूर्वी जिल्ला ताप्लेजुङको दक्षिण-पश्चिमी भागमा रहेको सुन्दर गाउँपालिका हो । बि.सं. २०७३ सालमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७५३ स्थानीय तह लागू गर्दा ताप्लेजुङ जिल्लामा साविकका फाकुम्बा, साँघु र ढुङ्गेसाँघु गाउँ विकास समितिहरुलाई मिलाएर यो गाउँपालिका बनाइएको हो ।

यस गाउँपालिकाको सीमाना पूर्वमा ताप्लेजुङ जिल्लाको आठराई त्रिवेणी गाउँपालिका र मेरिङदेन गाउँपालिका, पश्चिममा संखुवासभा जिल्लाको चैनपुर नगरपालिका, पाँचखपन नगरपालिका र सभापोखरी गाउँपालिका, उत्तरमा साबिक मेरिङदेन गाउँपालिका र दक्षिणमा तेह्रथुम जिल्लाको मेन्छ्यायेम गाउँपालिकासम्म फैलिएको छ । यसको क्षेत्रफल १३८ वर्ग किलोमिटर रहेको छ ।



Copyright@MoFALD

स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग
Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016


ताप्लेजुङ जिल्लाको प्रदेशसभा निर्वाचन क्षेत्र "ख" अन्तर्गत पर्ने यो गाउँपालिकालाई जम्मा ६ वटा वडामा विभाजन गरिएको छ । साविक ढुँगेसाँघु गाविसको वडा नं. १ देखि ५ सम्म वडा नं. १, वडा नं. ६ देखि ९ सम्म वडा नं. २, साविक साँघु गाविसको वडा नं. १ देखि ६ सम्म वडा नं. ३ र वडा नं. ७ देखि ९ सम्म वडा नं. ४ तथा साविक फाकुम्बा गाविसको वडा नं. १ देखि ४ सम्म वडा नं. ५ र वडा नं. ५ देखि ९ सम्म वडा नं. ६ कायम गरिएको छ ।

## २.२ सामाजिक अवस्था

**जनसंख्या**


गाउँपालिकाको बिद्युत्तीय अभिलेख (Digital Profile), २०७५ अनुसार यस गाउँपालिकाको कूल घरधुरी संख्या २,०२९ रहेको छ भने पुरुष ६,२९२, महिला ५,७९२ र अन्य ५ गरी कूल जनसंख्या १२,०८९ रहेको छ । यहाँको जनघनत्व ८८ प्रति वर्ग किलोमिटर रहेको छ ।

गाउँपालिकाको वडागत जनसंख्या विवरण देहाय बमोजिम रहेको छः




*स्रोतः गाउँपालिकाको बिद्युत्तीय अभिलेख, २०७५*

त्यस्तै, गाउँपालिकाको उमेर-समूहगत जनसंख्या विवरण देहाय बमोजिम रहेको छः




*स्रोतः गाउँपालिकाको बिद्युत्तीय अभिलेख, २०७५*

जनगणना २०६८ अनुसार गाउँपालिकाको जातिगत जनसंख्या विवरण देहाय बमोजिम छः

| क्र.सं. | जातजाति | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | लिम्बू | २३८३ | २६९१ | ५०७४ | ४५.९७ |
| २ | शेर्पा | १४७८ | १६८९ | ३१६७ | २८.६९ |
| ३ | तामाङ | ५१८ | ५६४ | १०८२ | ९.८० |
| ४ | कामी | २१६ | २६१ | ४७७ | ४.३२ |
| ५ | ब्राह्मण (पहाड) | १४१ | १३७ | २७८ | २.५२ |
| ६ | क्षेत्री | १३० | ११५ | २४५ | २.२२ |
| ७ | मगर | ६० | ७१ | १३१ | १.१९ |
| ८ | नेवार | ४४ | ५६ | १०० | ०.९१ |
| ९ | गुरुङ | ४१ | ५७ | ९८ | ०.८९ |
| १० | दमाई/ढोली | ३७ | ४३ | ८० | ०.६३ |
| ११ | राई | ३५ | ३५ | ७० | ०.६३ |
| १२ | सुनुवार | ३२ | ३८ | ७० | ०.६३ |
| १३ | सार्की | १६ | २२ | ३८ | ०.३४ |
| १४ | अन्य | १२ | ७ | १९ | ०.१७ |
| १५ | अन्य दलित | ५१ | ५७ | १०८ | ०.९८ |
| जम्मा | | ५१९४ | ५८४३ | ११०३७ | १००.०० |

*स्रोतः राष्ट्रिय जन गणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग*

## शिक्षा

शिक्षा मन्त्रालयको प्रकाशन Education in Figures, 2017 अनुसार यस गाउँपालिकाका २८ वटा शैक्षिक संस्थानहरुमा छात्रा ३,५९८ र छात्र ३,२७९ समेत कूल ६,८७७ विद्यार्थीहरु अध्ययनरत् छन् । जनगणना २०६८ अनुसार बिभिन्न शैक्षिक तह उतीर्ण गर्नेको विवरण निम्न अनुसार रहेको छः

| क्र.सं. | विवरण | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| | जम्मा जनसंख्या (५ वर्ष वा सोभन्दा माथि) | ६६१५ | ३४७५ | ३१४० |
| १. | नर्सरी तह | ३४२ | १८७ | १५५ |
| २. | प्राथमिक तह (कक्षा १-५) | ३०४५ | १६२९ | १४१६ |
| ३. | निम्न माध्यमिक तह (कक्षा ६-८) | १४०० | ६५७ | ७४३ |
| ४. | माध्यमिक तह (कक्षा ९-१०) | ७४१ | ३७२ | २६९ |
| ५. | एसएलसी वा सो सरह | ५५५ | २८९ | २६६ |
| ६. | प्रविणता प्रमाणपत्र तह वा १०+२ | १३६ | ८१ | ५५ |
| ७. | स्नातक तह वा सो सरह | ५९ | ४६ | १३ |
| ८. | स्नातकोत्तर तह वा सो सरह | १४ | ११ | ३ |
| ९. | अन्य | ० | ० | ० |
| १०. | अनौपचारिक शिक्षा | ३१३ | १९८ | ११५ |
| ११. | नखुलेको | १० | ५ | ५ |

त्यसरी नै, जनगणना २०६८ अनुसार गाउँपालिकाको साक्षरता अवस्था निम्न अनुसार रहेको छः

| क्र.सं. | विवरण | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| | जम्मा जनसंख्या (५ वर्ष वा सोभन्दा माथि) | ९८०० | ४५८३ | ५२१७ |
| १ | पढ्न लेख्न सक्ने | ६३८६ | ३३४८ | ३०३८ |
| २ | पढ्न मात्र सक्ने | २२६ | ११७ | १०९ |
| ३ | पढ्न लेख्न नसक्ने | ३१८८ | १११८ | २०७० |
| ४ | साक्षरता दर | ६५.१६ | ७३.०५ | ५८.२३ |

*स्रोतः राष्ट्रिय जन गणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग*

## स्वास्थ्य

गाउँपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुको विवरण निम्न अनुसार छः

| क्र.सं. | संस्था | जनशक्ति | प्रमुख उपलब्ध सेवाहरु |
|---|---|---|---|
| १. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुँगेसाँघु | सामान्य चिकित्सक १ नर्स १, अहेव २, अनमी २, अन्य २ | शैय्या ३, प्रसूती सेवा, ल्याब, परिवार नियोजन, खोप सेवा, सुरक्षित मातृत्व, परामर्श |
| २. | साँघु स्वास्थ्य चौकी | हेल्थ असिष्टेण्ट १, अहेव २, अनमी ३, | प्रसूती सेवा, ल्याब, परिवार नियोजन, खोप सेवा, परामर्श, सुरक्षित मातृत्व, क्लिनिक |
| ३. | फाकुम्बा स्वास्थ्य चौकी | हेल्थ असिष्टेण्ट १, अहेव २, अनमी २, अन्य १ | परिवार नियोजन, खोप सेवा, सुरक्षित मातृत्व, क्लिनिक, परामर्श |
| ४. | साम्तुङ सामुदायिक स्वास्थ्य इकाइ | अनमी १ | खोप सेवा, परामर्श |
| ५. | तेल्लाबुङ सामुदायिक स्वास्थ्य इकाइ | अनमी १, अन्य १ | खोप सेवा, परामर्श |
| ६. | हात्तीखावा सामुदायिक स्वास्थ्य इकाइ | अनमी १, अन्य १ | खोप सेवा, परामर्श |
| ७. | फुङलिङ आयुर्वेद औषधालय, साँघुपाटी | सामान्य चिकित्सक १, अन्य २ | क्लिनिक, परामर्श |

*स्रोतः गाउँपालिकाको बिद्युत्तीय अभिलेख, २०७५*

गाउँपालिकाभित्र देखा परेका प्रमुख रोगहरुमा निमोनियाँ, झाडापखाला, ग्याष्ट्रिक, मधुमेह, दम जस्ता रोगहरु देखिन्छ। समयरेखाको अध्ययन गर्दा यहाँ सरुवा रोगहरुको प्रकोपको जोखिम कम देखिन्छ, यो आफैंमा सकारात्मक पक्ष हो ।

## खानेपानी तथा सरसफाइ

यहाँ नदी/खोलाको पानी प्रयोग गर्ने घर-१७, मुलको पानी प्रयोग गर्ने घर-१९९, नढाकिएको इनारको पानी प्रयोग गर्ने घर-१५ र ढाकिएको इनारको पानी प्रयोग गर्ने घर-२० रहेका छन् भने घर कम्पाउण्डभित्रै पानी आपूर्ति हुने घर १,३४१ रहेको देखिन्छ । यसरी हेर्दा गाउँपालिकाभित्र पिउन योग्य खानेपानीको आपूर्ति अझैसम्म चुनौतिपूर्ण नै देखिन्छ ।

गाउँपालिकाभित्र ११७ घरधुरीमा शौचालय छैन भने भएका मध्ये १,२८९ वटा शौचालयहरु साधारण किसिमका रहेको देखिन्छ । उर्जाको उपयोग हेर्दा खाना पकाउनको लागि २,०२९ मध्ये २,०२५ घरधुरीले दाउराकै प्रयोग गरेको देखिन्छ । बत्ती बाल्नको लागि १,५५२ घरधुरीले बिजुली, ३९६ घरधुरीले सोलार बत्ती, ६१ घरधुरीले मट्टीतेल र २० घरधुरीले अरु साधन प्रयोग गर्दछन् ।

लालीगुराँसको राजधानी भनी ख्याति कमाएको र गाउँपालिकाभित्र पर्यटन व्यवसायको विकासको लागि निर्णायक भूमिका निर्वाह गर्न सक्ने क्षेत्रको रुपमा यो गाउँपालिकाको शीरमा रहेको मिल्के र मेन्छ्यायेम क्षेत्रको घना गुराँस क्षेत्रको संरक्षण सबभन्दा चुनौतिपूर्ण छ ।

## २.३ आर्थिक अवस्था

### आर्थिक स्तर

गाउँपालिकाको बिद्युत्तीय अभिलेख अनुसार गाउँपालिकावासीहरुको आर्थिक स्तर निम्न अनुसार छः


१. आफ्नो उब्जनीले ३ महिनामात्र खान पुग्ने परीवारः ७५२
२. आफ्नो उब्जनीले ४ देखि ६ महिनासम्म खान पुग्ने परिवारः ७२१
३. आफ्नो उब्जनीले ७ देखि ९ महिनासम्म खान पुग्ने परिवारः २८५
४. आफ्नो उब्जनीले ९ महिनाभन्दा बढी खान पुग्ने परिवारः ०

त्यस्तै, घरको स्वामित्वको अवस्था हेर्दा कूल १७२४ परिवारहरु आफ्नो निजी घरमा बस्दछन् भने १२९ परिवारहरु भाडाको घरमा बस्ने गरेका छन् । खर वा फुसको छाना भएका घरहरु ६६९ वटा छन् भने जस्ताको छाना भएका घरहरु १३३६, टायलको छाना भएका घर २, काठको छाना भएका घर २, ढलानवाला छाना भएको घर २ र अन्य १६ वटा देखिन्छ । ती मध्ये भूकम्पीय जोखिममा रहेका घर १११७, बाढीको जोखिममा रहेका घर ४९ वटा, पहिरोको जोखिममा रहेका घर २४४ वटा र हावाहुरीको जोखिममा रहेका घर २८१ वटा छन् ।

*स्रोतः गाउँपालिकाको बिद्युत्तीय अभिलेख, २०७५*

### पेशा

गाउँपालिकाका अधिकांश नागरिकहरुको मुख्य पेशा कृषि नै देखिन्छ । गाउँपालिकाको बिद्युत्तीय अभिलेखमा नागरिकहरुको पेशा र जीविकोपार्जन पद्धतिको विषयमा पर्याप्त सूचना उपलब्ध छैन । उपलब्ध सूचना अनुसार सेवा क्षेत्रमा संलग्न संख्या नगण्य छ । उद्योग, कलकारखानाहरुको सञ्चालन उल्लेख्य रुपमा भएको देखिँदैन । सीमित मानिसहरुले सानातिना ब्यापार ब्यवसाय सञ्चालन गरेको देखिन्छ । कुनै खास विषय वा क्षेत्रमा संलग्न नागरिकहरुको विवरण निम्न अनुसार छः




| | कृषि तथा पशु | इन्जिनियरिङ | चिकित्सा | पत्रकारिता | अन्य |
|---|---|---|---|---|---|
| संख्या | ४ | १३ | २८ | १३ | ८ |

**उद्योग**

गाउँपालिका भित्र सञ्चालित उद्योग ब्यवसायहरुको विवरण निम्न अनुसार छः

१. माङमाया कृषक समूह मिनी मिल उद्योग, वडा नं. २
२. कृषि फलफुल प्रशोधन उद्योग, वडा नं. ३
३. मैवाखोला २ बाक्लो गाउँ उद्योग, वडा नं. २
४. पहाडे कागज कारखाना, वडा नं. ३

**ब्यापार**

गाउँपालिकाभित्र सञ्चालित ब्यापार ब्यवसायहरुको विवरण निम्न अनुसार छः

१. दाजुभाइ ज्वेलर्स, वडा नं. ३, गरगहना किनबेच, उत्पादन
२. नवीन एण्ड नवीना सुनचाँदी पसल, वडा नं. ३, गरगहना किनबेच, उत्पादन
३. पूर्वेली कान्छाको हार्डवेयर तथा सप्लायर्स, वडा नं. ३
४. अनुपा सप्लायर्स एण्ड ट्रेडर्स, वडा नं. ३
५. प्रनिश एण्ड प्रनिशा किराना पसल, वडा नं. ३
६. मौसम इलेक्ट्रोनिक्स एण्ड भेराइटिज्, वडा नं. ३
७. साँघु भेराइटिज् तथा किराना पसल, वडा नं. ३
८. पूर्णिमा किराना तथा खाद्यान्न पसल, वडा नं. ३
९. ए एण्ड ए ट्रेडर्स एण्ड सप्लायर्स, वडा नं. ६
१०. भानु किराना पसल, वडा नं. ५
११. पौडेल भेराइटिज् एण्ड किराना पसल, वडा नं. ३
१२. तालखर्क किराना पसल, वडा नं. ३

*स्रोतः गाउँपालिकाको बिद्युत्तीय अभिलेख, २०७५*

यसरी हेर्दा, गाउँपालिकाभित्र पर्यटन उद्योगको सम्भाव्यतालाई नजरअन्दाज गरिएको वा यस तर्फ यथोचित ध्यान र चासो नगएको देखिन आउँछ । साथै, पर्यटन उद्योग वा ब्यवसायको प्रबर्द्धनको लागि गाउँपालिकाभित्र ब्यापक रुपमा पर्यटन सचेतना अभियान सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

## २.४ पूर्वाधार विकास

गाउँपालिकाभित्र सडक, पुल, भवन जस्ता पूर्वाधार विकासको कार्य तीब्र रुपमा अगाडि बढिरहेको देखिन्छ । गाउँपालिकाको समग्र विकास एवं गाउँपालिकावासी नागरिकहरुको सामाजिक-आर्थिक उन्नति र समृद्धिको लागि अत्यावश्यक सडक, पुल, भवन, सिंचाइ, उर्जाको सहज आपूर्ति ब्यवस्था मिलाउनु नितान्त जरुरी छ । यसबाट गाउँपालिकाभित्र पर्यटन उद्योगको विकास, प्रबर्द्धन ब्यवस्थापन गरी राजश्व बृद्धि गर्न, रोजगारी र स्वरोजगारीका अवसरहरु सिर्जना गर्न र जनताको जीवनस्तर उकास्न सहज वातावरण निर्माण हुन्छ । गाउँपालिकाभित्र पर्यटन उद्योगको विकासको लागि सहयोग पुर्याउने किसिमका पूर्वाधार विकासका कार्यहरुलाई निम्न अनुसार संक्षेपीकरण गर्न सकिन्छः

**सडक**

पर्यटन उद्योगको विकासको लागि यातायात र सहज परिवहनको ब्यवस्था मिलाउनु जरुरी हुन्छ । हाल गाउँपालिकाभित्र निर्माणाधीन अवस्थामा रहेका देहायका सडकहरुले पर्यटन उद्योगको विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्ने देखिन्छः

| क्र.सं. | सकडको नाम | देखि | सम्म | लम्बाइ (किमी) | अवस्था |
|---|---|---|---|---|---|
| १. | मदन भण्डारी मार्ग | गुफापोखरी | दोभान | ४० | कच्ची |
| २. | दोभान-साम्तुङ सडक | दोभान | रानीवन | २३ | कच्ची |
| ३. | खार्ते काम्साङ सडक | खार्ते | महादेव | ५ | कच्ची |
| ४. | मिल्के साम्तुङ सडक | मिल्के | रानीवन | २५ | कच्ची |
| ५. | ताम्राङ हाङ्फाबुङ सडक | ताम्राङ | लोकतान्त्रिक मावि | ७ | कच्ची |
| ६. | साँघुपाटी ताम्राङ सडक | साँघुपाटी | ताम्राङ | ५ | कच्ची |
| ७. | साँघुपाटी दोभान सडक | साँघुपाटी | तिरतिरे | १८ | कच्ची |
| ८. | ठोट्ने केरकेरे सडक | ठोट्ने | केरकेरे | ५ | कच्ची |

निःसन्देह, भविष्यमा आन्तरिक एवं वाह्य पर्यटकहरुलाई केन्द्रित गरी बिभिन्न पदमार्ग र सम्पदा मार्गहरु निर्माण गरी सञ्चालन गर्न यी सडकहरुबाट महत्वपूर्ण सहयोग पुग्नेछ ।

**होटल**

गाउँपालिकाभित्र सामान्य स्तरका केही होटल र लजहरु सञ्चालनमा आएको देखिन्छ तर वाह्य पर्यटकहरुको लागि हालसम्म कुनै होटल, लज वा गेष्टहाउसहरु सञ्चालन भएका छैनन् । पर्यटन उद्योगको विकासको लागि स्तरीय होटल, रेष्टुरेण्ट र किनमेल केन्द्रहरु निर्माण गरी सञ्चालन गर्नु आवश्यक छ । हाल यहाँ सञ्चालनमा रहेका होटल र लजहरुको विवरण निम्न अनुसार छः

| क्र.सं. | होटलको नाम | वडा नं. | स्थान | कोठा | बेड | स्तर |
|---|---|---|---|---|---|---|
| १. | नयन होटल | ३ | साँघुपाटी | ५ | १० | सामान्य |
| २. | मेन्छ्यायेम होटल | ३ | साँघुपाटी | ४ | ८ | सामान्य |
| ३. | ढुँगेसाँघु होटल एण्ड लज | ३ | साँघुपाटी | ४ | १० | सामान्य |
| ४. | रमितेढुँगा सामुदायकि होमस्टे | ३ | कोलडाँडा | १० | २५ | सामान्य |
| ५. | कोलडाँडा होमस्टे | ३ | कोलडाँडा | १० | २५ | सामान्य |
| ६. | खुशी होटल एण्ड लज | ३ | साँघुपाटी | ४ | ८ | सामान्य |
| ७. | पौडेल होटल एण्ड लज | ३ | साँघुपाटी | ४ | १० | सामान्य |
| ८. | सनलाइट होटल एण्ड लज | ३ | साँघुपाटी | ४ | ८ | सामान्य |
| ९. | नुमा चिया नास्ता घर | ३ | साँघुपाटी | ० | ० | - |
| १०. | सुहाना खाजा पसल | ३ | साँघुपाटी | ० | ० | - |
| ११. | ताप्लेजुङ प्रसाईं क्याण्टिन | ३ | साँघुपाटी | ० | ० | - |

यसरी हेर्दा पर्यटक आगमनको प्रचुर सम्भावना बोकेका मिल्के, झ्याउपोखरी, असाङलुङ, साम्तुङ जस्ता स्थानहरुमा स्तरीय होटल, लज र रेष्टुरेण्टहरु सञ्चालनमा ल्याउनु आवश्यक देखिन्छ ।

**खेलमैदान तथा मनोरञ्जन स्थल**

खेलमैदान, वनभोज स्थल, मेला तथा प्रदर्शनी स्थल र अन्य मनोरञ्जन स्थलहरुको निर्माणबाट समेत पर्यटन प्रबर्द्धन गर्न मद्दत मिल्दछ ।

गाउँपालिकामा खेल मैदानहरुको अवस्था निम्न अनुसार छः

| क्र. सं. | नाम | वडा नं. | क्षेत्रफल (वर्ग मी) | स्वामित्व | उपयोग |
|---|---|---|---|---|---|
| १. | साँघुपाटी खेल मैदान | ३ | ६०० | सरकारी | खेलकूद, प्रदर्शनी, मनोरञ्जन |
| २. | मदन भण्डारी स्मृति रंगशाला | ३ | ६००० | सरकारी | खेलकूद, मनोरञ्जन |
| ३. | गैरे खेल मैदान | ४ | ८०० | सरकारी | खेलकूद, वनभोज |
| ४. | लेकुवा खेल मैदान | २ | ६०० | सामुदायिक | खेलकूद, प्रदर्शनी, मनोरञ्जन |
| ५. | तेम्बे खेल मैदान | २ | ६०० | सरकारी | खेलकूद |
| ६. | ढुँगेसाँघु बरझ्याङ खेल मैदान | १ | ४०० | सरकारी | खेलकूद |

उक्त उल्लिखित पूर्वाधारहरु मध्ये मदन भण्डारी स्मृति रंगशालाको निर्माण सम्पन्न भई मदन भण्डारीको स्मृतिमा आकर्षक पुरस्कार राशी सहित राष्ट्रिय स्तरको खेलकूद आयोजना गर्न सके खेलकूद पर्यटन प्रबर्द्धन गर्न र सोको माध्यमबाट गाउँपालिकालाई देश विदेशमा चिनाउन सकिने प्रबल सम्भावना छ ।

यसको अतिरिक्त गाउँपालिकाभित्र वनभोज स्थल, पार्क, उद्यान, भ्यू-टावर, प्रदर्शनी स्थल, हाट जस्ता सार्वजनिक स्थलहरुको निर्माण गर्नु जरुरी देखिन्छ ।

♣

भाग तीन

# मैवाखोला गाउँपालिकाका सम्भाव्य पर्यटकीय सम्पदाहरु

कुनै खास क्षेत्रको पर्यटन विकास र प्रबर्द्धनको लागि त्यस क्षेत्रमा उपलब्ध पर्यटकीय महत्व वा सम्भावना बोकेका सम्पदाहरुको पहिचान गरी तिनको वहु-आयामिक महत्वको लेखोजोखा गर्नु जरुरी हुन्छ । मैवाखोला गाउँपालिकाको पर्यटन विकासको सन्दर्भमा चर्चा गर्दा यहाँ रहेका त्यस्ता स्थान र सम्पदाहरुमा निहित पर्यटकीय सम्भाव्यताहरुको लेखाजोखा गर्नु पर्दछ । त्यस्ता केही महत्वपूर्ण सम्पदाहरुको संक्षिप्त विवरण निम्न अनुसार रहेको छः

## ३.१ पर्यापर्यटकीय क्षेत्रहरु

गाउँपालिकाभित्रका मुख्य पर्यापर्यटकीय महत्वका सम्पदाहरु निम्न अनुसार छन्:-

**मिल्के क्षेत्रः जैविक विविधता र मनोरम प्राकृतिक दृश्यहरुको संगमस्थल**

गुराँसको राजधानी कहलिएको मिल्के क्षेत्र नेपालकै चर्चित पर्यटकीय क्षेत्र "तीनजुरे-मिल्के-जलजला क्षेत्र" को मध्य भागमा रहेको छ, जहाँ गुराँसका ३५ मध्ये २८ प्रजातिहरु पाइन्छ । यो क्षेत्र जैविक विविधताको दृष्टिले पनि अति सम्पन्न छ । यो क्षेत्र विभिन्न प्रजातिका वनस्पतिहरु, जडिबुटीहरु, कस्तुरी, हाब्रे, नाउर, भालु र अन्य असंख्य वन्यजन्तुहरु र डाँफे, मुनाल, लुइँचे, कालिज र अन्य चराचुरुङ्गीहरुको वासस्थान पनि हो । यहाँबाट गुराँसका सुन्दर फाँटहरुको अतिरिक्त पाथीभरा, कञ्चनजङ्गा, कुम्भकर्ण, मकालु र सगरमाथा हिमालसम्मको मनोरम हिम-श्रृङ्खलाको दृश्यावलोकन गरी अतुलनीय आनन्दी लिन सकिन्छ । यो क्षेत्र नेपालका १०० पर्यटकीय गन्तब्यहरु मध्ये एक हो ।














मिल्के नाका मदन भण्डारी मार्गको मैवाखोला गाउँपालिका तथा ताप्लेजुङ जिल्ला प्रवेश गर्ने मुख्य बिन्दू मात्र नभई उत्तरतर्फ रहेको बिशाल तोक्पेगोला-लुम्बासुम्बा क्षेत्रको मुख्य प्रवेश बिन्दू समेत हो । उत्तर तर्फका ती क्षेत्रलाई सडक-रहित पर्यावरणीय क्षेत्रको रुपमा सुरक्षित राख्ने प्रयासहरुको थालनी भई रहेको सन्दर्भमा यो नाका "बिराटनगर-धरान-बसन्तपुर-गुफा सडक" को अन्तिम उत्तरी बिन्दू समेत हुन सक्ने सम्भावना छ । अतः भविष्यमा मिल्के नाकालाई पर्यटक सेवा तथा सूचना केन्द्र सहित यो क्षेत्रकै प्रमुख पर्यटकीय प्रशासनिक मुकामको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।

**सम्भावित पर्यापर्यटकीय पदमार्गहरुः**

यो क्षेत्रमा आकर्षक पर्यापर्यटकीय पदमार्गहरुको विकास गरी सञ्चालनमा ल्याउन सकिने सम्भावना समेत प्रबल छ । केही सम्भाव्य पदमार्गहरु निम्न अनुसार हुन सक्ने देखिन्छः

१. मिल्के-डल्ले-गिद्धे-असाङलुङ-साम्तुङ-दोभान पर्यापर्यटकीय पदमार्ग, साम्तुङमा होमस्टे ।
२. मिल्के-डल्ले-गिद्धे-जलजले-सवापोखरी धार्मिक एवं पर्यापर्यटकीय पदमार्ग ।
३. मिल्के-डल्ले-गिद्धे-जलजले (सवापोखरी)-तोक्पेगोला-फङफङदेन झरना-दोभान पदमार्ग ।
४. मिल्के-डल्ले-गिद्धे-जलजले (सवापोखरी)-तोक्पेगोला-थुदाम-संखुवासभा पर्यापर्यटकीय पदमार्ग ।
५. मिल्के-डल्ले-गिद्धे-जलजले (सवापोखरी)-तोक्पेगोला-लुम्बासुम्बा-ओलाङचुङगोला पदमार्ग ।

**झरनाहरुः**

मैवाखोला गाउँपालिकाका प्रमुख झरनाहरुमा गाउँपालिकाको वडा नं. ६, साम्तुङको शिरमा रहेको सिन्धोलुङ मैवा झरना, साम्तुङ मुनिको फुङफाङ र अछिरे झरना, वडा नं. ३ मा रहेको माङमाया झरना, वडा नं. ५ मा रहेको छाँगा रिङबो अर्थात् लामो झरना र चाँदनी झरना प्रमुख छन् । ती मध्ये सिन्धोलुङ मैवा झरनालाई "मिल्के-डल्ले-गिद्धे-असाङलुङ-साम्तुङ-दोभान पर्यापर्यटकीय पदमार्ग" अन्तर्गत एक प्रमुख आकर्षणको रुपमा विकास गर्न सकिने सम्भावना छ । पिँधमा रहेको कलात्मक ढुंगाले अझ सुन्दर बनाएको माङमाया झरनालाई "स्थानीय सम्पदा मार्ग" अन्तर्गत एक प्रमुख आकर्षणको रुपमा विकास गर्न सकिन्छ । साथै, यी झरनाहरुको आसपासमा उद्यान, भ्यू-टावर र बागबगैंचा सहितका वनभोज स्थलहरु निर्माण गर्न सकिने सम्भावना छ ।


सिन्धोलुङ मैवा झरना


माङमाया झरना


छाँगा रिङबो झरना

**पोखरीहरुः**

गाउँपालिकाभित्र झ्याउ पोखरी (वडा नं. ४), भुते पोखरी (वडा नं. ६), जलजले पोखरी (वडा नं. ६), पोथी पोखरी (वडा नं. ६), हेङ्वा पोखरी (वडा नं. ६), काली पोखरी (वडा नं. ३), पानी पोखरी (वडा नं. ३), नेर्वा पोखरी (वडा नं. ४), सहकाल पोखरी (वडा नं. २), बोझे पोखरी (वडा नं. १) जस्ता साना र मझौला पोखरीहरु रहेका छन् ।

यसको अतिरिक्त यस गाउँपालिकाको उत्तरमा छिमेकी जिल्ला संखुवासभाको सवापोखरी गाउँपालिकाको शीरमा रहेको धार्मिक हिसाबले पवित्र पोखरी सवापोखरीमा आउने तिर्थालु भक्तजनहरु मिल्के-जलजला पदमार्ग भई यात्रा गर्ने भएकोले यसबाट समेत लाभ लिन सकिने देखिन्छ ।




## ३.२ धार्मिक-सांस्कृतिक स्थलहरु

मैवाखोला गाउँपालिकाभित्र रहेका निम्न उल्लिखित ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्वका केही महत्वपूर्ण सम्पदाहरुलाई पर्यटकीय स्थलको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छः-

**असाङलुङ (याः चोत्लुङ):**




मैवाखोला गाउँपालिकाको वडा नं. ६, साम्तुङमा अवस्थित करिव ५० मिटर (कतिपयले २५० मिटर भनी उल्लेख गरेको) अग्लो अद्भूत ढुङ्गा असाङलुङ हो । गाउँपालिकाको केन्द्र साँघुपाटीबाट साम्तुङ हुँदै असाङलुङ पुग्न करिव २ दिन लाग्छ । यो अद्भूत स्थलको ठूलो ऐतिहासिक, धार्मिक एवं सांस्कृतिक महत्व रहेको छ । याक्थुङ (लिम्बू) जातिभित्र बिभिन्न पूजा अनुष्ठान र धार्मिक कर्मकाण्ड पूरा गर्ने फेदाङमा, साम्बा, येबा/येमाहरु हुन्छन् । ती मध्ये येबा/येमाहरुले खास गरी प्रेतात्मालाई पन्छाउने वा उसबाट हुने क्षति रोक्ने कार्य गर्दछन् । त्यस्तो अनुष्ठान सम्पन्न गर्ने समयमा येबा/येमाले शिरमा पक्षीहरूको प्वाँख जडित कल्की लगाउने गर्दछन्, त्यसलाई असाङ भनिन्छ । यो भीमकाय ढुङ्गा असाङ जस्तै देखिने भएकोले यसलाई असाङलुङ भनिएको हो ।

मुन्धुमविद् अर्जुनबाबु माबोहाङका अनुसार असाङलुङलाई येबा साजारा लुम्दङ्गाको कल्की मानिन्छ । साजारा लुम्दङ्गा एभेङ थोप्रा वंशका पुर्खा हुन् । उनी नै याक्थुङ (लिम्बू) जातिका प्रथम येबा हुन् भनी विश्वास गरिन्छ । उनी कसरी येबा प्रकट भए, उनको देहान्त कसरी भयो र पछिबाट उनको अवतारको रुपमा फूलबारी सेन्दाङमा पोमु केत्छाङ र फावाखोलामा अन्य क्षेतक्षेती येबाहरुको उत्पति कसरी भयो भनी मुन्धुममा बिस्तृत रुपमा ब्याख्या गरिएको पाइन्छ ।

फाकुम्बा गा.वि.स. को पार्श्वचित्र (२०७२/७३) अनुसार असाङलुङको सम्बन्ध यो क्षेत्रको सभ्यताको विकास क्रमसँग जोडिएको देखिन्छ, जसका अनुसार यो स्थान याक्थुङ (लिम्बू) बिजुवा (या/येबा/येमा) हरुको शक्तिको उत्पति भएको स्थान हो । मानव उत्पति र संख्या बृद्धिसँगै मानव जातिलाई के गर्न हुने, के गर्न नुहने भन्ने कुरा सिकाउने कार्य सृष्टिकर्ता तागेरा निङवाभु माङबाट क्रमिक रुपमा हुँदै आयो । उस बेला कन्दमुल र शिकार गरेको मासु काँचै खाने चलन थियो । पछिबाट तम्मरखोलाको पिप्पुथाप्मा भन्ने गाँउमा दुई वटा गोरु चर्दै गरेको बेला अचानक जुध्दा तिनीहरुको सिङ ठोकिएर आगोको झिल्का निस्कियो । आगोको झिल्का सुकेको गोवरमा परी मध्याह्नको बेला हावा

चल्दा आगो बल्यो । यसरी आगो प्राप्त भयो र आहारा पोलेर खाने क्रम सुरु भयो । तर, एकदिन आगो बाली राखेर जंगलतिर तरुल भ्याकुर कन्दमुल खन्न गएको समयमा जंगलमा भीषण आगलागी भएपछि सिङफेदाङ्गाले आफ्नो विधिबाट आगोको शक्ति नियन्त्रण गरे पनि तीन दिनपछि आगोको शक्ति फेरी जागेकोले सावरासाम्बा फेजिकुम फेदाङमा ल्याई उसले गरेको विधिले आगोको शक्ति ६ महिनासम्म नियन्त्रण गर्यो ।

तर, ६ महिना पश्चात आगोको शक्ति पुनः जाग्र थाल्यो । आगोको शक्तिलाई सदाको लागि पन्छाउनको निम्ति परमपिता सोधुगेन लेप्मुहाङको पाङभे (स्वर्गलोक) पुगी बिन्ती बिसाइ याःफेदाङमा (बिजुवा) र उनका चेला, नोकर-चाकर एवं पूजा सामग्री मर्त्यलोक ल्याउने क्रममा याःफेदाङमा (बिजुवा) चाहि स्वर्गलोकबाट अति तेजिलो देवशक्तिबाट उडेर एकैचोटी भुई नछोई यही असाङलुङको शिरमा अवतरण गरी काम्दै नाच्न थालेका र गाउँलेहरुबाट खुट्टा थाप्रे वा स्वागत दस्तुर (लाङदाक पङमा) बापत तेगो लाङपङमा याङ (नगद), फाक्सारा येत्तिम्बे, आठ चाना अदुवा, थिःसाङदाङ, निःसाङदाङ सहित असाङलुङको फेदमा चढाए पछि मात्र गाउँघर (तुम्याहाङ येत्हाङ पाङभे) भित्र नाच्दै आई पुग्यो । यसरी, यो स्थानमा येबा वा याःफेदाङमा (बिजुवा) उत्पति वा प्रकट भएका हुन् भन्ने लोकोक्ति र जनविश्वास रही आएको छ ।

साथै, दैवी शक्ति सहितका याःफेदाङमा (बिजुवा) ले सोधुगेन लेप्मुहाङ पाङभे (स्वर्गलोक) बाट साथैमा ल्याएको साम्सिङ, मुक्तो, येन, सिदिङबा, युक्मिबा, माग्याम्बुङ, धुपी र सेल्लोसाङ लगायतका पूजा सामग्रीहरु आफ्नो बिधि बिधान अनुसार असाङलुङको शिरमै मिलाएर रोपी राखेको किम्बदन्ती छ । जमिनको सतहदेखि यो ढुङ्गाको माथिल्लो सतहसम्मको उचाई ५० मिटर र वरीपरी परिक्रमा गर्न करिव १ घण्टा लाग्दछ भन्ने भनाइ छ ।

यसर्थ, यो स्थल याक्थुङ (लिम्बू) हरुको प्राचीन इतिहासको प्रतिनिधित्व गर्ने एक ऐतिहासिक, धार्मिक एवं सांस्कृतिक स्थल भएकोले यसको उचित संरक्षण, सम्बर्द्धन र सजावट गरी एक पवित्र ऐतिहासिक धार्मिक एवं सांस्कृतिक स्थलको रुपमा विकास गर्न सकेमा गाउँपालिकाकै मुख्य पर्यटकीय गन्तब्यस्थल बन्न सक्ने सम्भावना रहेको छ ।

**गुम्बाहरु**

बाघेधारा गुम्बा (वडा नं. २), चीनियाँ कालिगढले बनाएको २०० वर्ष पुरानो मुर्ति रहेको साङ दिकी छ्योलिङ गुम्बा (वडा नं. २), उर्गेन छ्योलिङ गुम्बा (वडा नं. ३), खोपीचौर गुम्बा (वडा नं. ३), दोर्ची छ्योलिङ गुम्बा (वडा नं. ४), कर्मा छ्योलिङ गुम्बा (वडा नं. ४), डाङ्ग्योर छ्योलिङ गुम्बा (वडा नं. ५) र टासी छ्योलिङ गुम्बा (वडा नं. ५) यहाँका मुख्य गुम्बाहरू हुन् । वडा नं. २ मा रहेको साङ दिकी छ्योलिङ गुम्बालाई बौद्ध धर्मावलम्बीहरुको मुख्य तीर्थस्थलको रुपमा विकास गर्न सकिने सम्भावना छ भने वडा नं. ४, संखटे डाँडामा रहेको कर्मा छ्योलिङ गुम्बाको मर्मत गरी भ्यू-टावर, वनभोज स्थलसहित शहीद स्मारक पार्क निर्माण गर्न सकिन्छ ।



कर्मा छ्योलिङ गुम्बा, संखटे डाँडा

### फागोहाङ माङगेन्ना यक



गाउँपालिकाको वडा नं. २, पिरिङ्गेमा रहेको सिन्धोलुङ मैवा थुमका आदिम् पुर्खा फागोहाङको माङगेन्नायक ऐतिहासिक, धार्मिक, सांस्कृतिक स्थल हो ।

यसलाई मैवा थुमका १३ वंशको तिर्थस्थलको रुपमा विकास गरी आन्तरिक पर्यटन प्रबर्द्धन गर्न सकिने देखिन्छ ।

### खोपीचौर गुफा

गाउँपालिकाको वडा नं. ३ मा रहेको खोपीचौर गुफामा लिम्बुवानका बीर सेनानी काङसोरेले आश्रय लिएको र सो स्थानमा उनको घोडा बाँधेको निशानी समेत सुरक्षित रहेको दावी गरिएको छ । यसर्थ, यो गुफाको उत्खनन् र थप अध्ययन अनुसन्धान गरी एक ऐतिहासिक एवं पुरातात्विक स्थलको रुपमा संरक्षण र सम्बर्धन गर्न सके पर्यटक आकर्षित गर्न सकिने सम्भावना छ ।

### देवल ढुङ्गा

गाउँपालिकाको वडा नं. ५ को वडा कार्यालय नजिकै रहेको करिव २० फिट अग्लो अण्डाकार ढुङ्गालाई देवल ढुङ्गाको नामले चिनिन्छ । विगतमा वनेम वंशले यो ढुङ्गामा पूजाआजा गर्ने चलन थियो ।

### किरातेश्वर महादेवस्थल

गाउँपालिकाको वडा नं. ५ को वडा कार्यालयबाट करिव १ किलोमिटर दूरीमा पर्ने ओर्खुमको भित्ता नजिकै खानीगौंडामा रहेको किरातेश्वर महादेवस्थल एक महत्वपूर्ण धार्मिकस्थल हो । यहाँ एउटा गुफा छ, जसभित्र मानव निर्मित पशुपंक्षी, नाग र गाईको नक्शा र किरातेश्वर महादेवको मूर्ति रहेको छ । त्यसभित्र गाईको थुनको आकृतिको ढुङ्गाबाट दूध झर्ने, कहिलेकाहीँ घण्टी बज्ने र भित्रभित्रै खोला बगेको आवाज आउने गर्दथ्यो भन्ने भनाइ छ ।

### किरातेश्वर मन्दिर

गाउँपालिकाको वडा नं. ३ मा किरात माङहिम निर्माण गरिएको छ । यसलाई आन्तरिक पर्यटकहरुको गन्तब्यस्थलको रुपमा विकास गर्न सकिन्छ ।

### याक्थुङ (लिम्बू) संग्रहालय

गाउँपालिकाको वडा नं. ३ मा याक्थुङ लिम्बू जातिको जातीय संग्रहालय निर्माण गरिएको छ । यसलाई एक सांस्कृतिक पर्यटनस्थलको रुपमा विकास गर्न सकिन्छ ।

### साँघुपाटी

गाउँपालिकाको वडा नं. ३ स्थित साँघुपाटी वि.सं. १८०१ मा फागो चोङबाङ पुर्खाहरुद्वारा निर्माण गरिएको प्राचीन संरचना हो । यसको सेरोफेरोमा गाउँपालिका भवन, नारायणी उच्च मा.वि. र बजार क्षेत्र विस्तार भएको छ ।

### मुलपानी देवी

पानीको मुहान समेत रहेको वडा नं. २ स्थित मुलपानी देवीस्थान आसपासमा चरिरहेको भैंसी गोठ एकाएक हराएको र गाई चढाउने भाकल गरेपछि बल्ल भैंसी गोठ सोही स्थानमा फिर्ता भएको भन्ने आश्चर्यजनक किम्बदन्ती रहेको यो स्थानलाई जीवित देवीको वासस्थानको रुपमा मान्ने गर्दछन् ।

## ३.३ खेलकूद, मेला तथा मनोरञ्जन स्थलहरु

आधुनिक जमानामा खेलकूद, मेला, प्रदर्शनी र मनोरञ्जन स्थलहरुमा मानिसको आकर्षण बढ्दै गएको देखिन्छ । फलस्वरुप, खेलमैदान, रंगशाला, सिनेमा तथा प्रदर्शनी हल, पार्क, भ्यू-टावर, स्वीमिङ पुल जस्ता मनोरञ्जन स्थलहरुको निर्माणमा सरकारी र निजी क्षेत्रको तत्परता बृद्धि हुँदै गएको छ ।

**रंगशाला तथा खेलमैदानहरु:**

मैवाखोला गाउँपालिकाको वडा नं. ३, साँघुमा नेपाली राजनीतिका चर्चित नेता मदन भण्डारीको स्मृतिमा "मदन भण्डारी स्मृति रंगशाला" निर्माणाधीन अवस्थामा रहेको छ । यही वडाको साँघुपाटी खेल मैदान ताप्लेजुङ जिल्लाकै सुन्दर खेलमैदानको रुपमा परिचित छ । यसको अतिरिक्त, यस गाउँपालिकाभित्रका अन्य खेलमैदानहरुमा लेकुवा खेलमैदान, तेम्बे खेलमैदान, गैरे खेलमैदान र ढुङ्गेसाँघु बरझ्याङ खेलमैदान प्रमुख हुन् । ती मध्ये साँघुपाटी खेलमैदानमा महाशिवरात्रीको समयमा लाग्ने महाशिवरात्री मेलाको अवसरमा विगत लामो समयदेखि अन्तर गा.वि.स. फूटबल र भलिबल प्रतियोगिताहरु समेत आयोजना हुँदै आएको छ ।

**मेलाहरुः**

गाउँपालिकाभित्र लाग्ने वार्षिक मेलाहरुमा शिवरात्रीको समयमा वडा नं. ३ स्थित साँघुपाटीमा लाग्ने महाशिवरात्री मेला र माघेसंक्रान्तिको समयमा वडा नं. २, तेम्बेमा लाग्ने माघेनी मेला प्रमुख हुन् । विगतमा साविक फाकुम्बा गा.वि.स. को वडा नं. २, हाल गाउँपालिकाको वडा नं. ५ को घोडेटारमा हरेक वर्ष पौष महिनामा लाग्ने गरेको सिरिजङ्गा मेला लामो समयदेखि बन्द गरिएको छ । साविक फाकुम्बा गा.वि.स. लाई मैवाखोला गाउँपालिकाभित्र समायोजन गरिएको बदलिँदो परिवेशमा यो मेलालाई पुनः सुचारु गर्नु उपयक्त देखिन्छ ।

## ३.४ मदन भण्डारीको जन्मघर



नेपाली कम्युनिष्ट आन्दोलनका नवीन बिचारक, जनताको बहुदलीय जनवादका प्रबर्तक तथा नेपालको लोकतान्त्रिक आन्दोलनका अग्रणी नेताको रुपमा देश विदेशमा ख्याति कमाएका जननेता मदन भण्डारीको जन्मघर यही गाउँपालिकाको वडा नं. २ स्थित ठोट्नेमा रहेको छ । हाल उनको जन्मघरलाई जीर्णोद्धार गरी भविष्यमा वामपन्थी चिन्तकहरु, नेता, कार्यकर्ता र समर्थकहरु एवं राजनीतिशास्त्र र दर्शनशास्त्रका अध्येताहरुको आकर्षणको थलोको रुपमा विकास गर्नको लागि गुरुयोजना र बिस्तृत परियोजना प्रस्ताव तर्जुमा गरिएको छ ।

## ३.५ होमस्टे क्षेत्रहरु

वडा नं. ३ मा अवस्थित रमिते ढुङ्गा र कोलडाँडामा हालसम्म १, १ वटा होमस्टेहरु सञ्चालनमा आएका छन् । मदन भण्डारी स्मृति रंगशाला निर्माण सम्पन्न हुँदासम्म यस क्षेत्रमा होमस्टेहरुको संख्यामा बृद्धि हुने अपेक्षा लिन सकिन्छ । भविष्यमा भने वडा नं.६ को साम्तुङमा होमस्टे ब्यवसायलाई ब्यवस्थित रुपमा सञ्चालन गर्न सकिने सम्भावना उच्च रहेको छ।

♣

भाग चार

# मैवाखोला गाउँपालिकाको पर्यटन गुरुयोजना (२०७७/७८-२०८३/८४)

## ४.१ पृष्ठभूमि

पर्यटन क्षेत्र नेपालको आर्थिक विकासको एक महत्वपूर्ण आधार स्तम्भ हो । कूल राष्ट्रिय गार्हस्थ उत्पादनमा यो क्षेत्रको योगदान करिव ३ प्रतिशत रहेको छ भने प्रदेश १ को हकमा १.९७ प्रतिशत रहेको देखिन्छ । नेपाल सरकारले यो क्षेत्रको योगदानलाई ३ प्रतिशतबाट बढाएर १० प्रतिशत पुर्याउने लक्ष्य लिएको छ ।

नेपालको संविधान, २०७२ ले नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रबर्द्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने राज्यको नीति हुने किटान गरेको छ ।

यो नीतिको प्रभावकारी कार्यान्वयनको लागि नेपालको संघीय शासन प्रणाली अन्तर्गतका तीन वटै तहका सरकारहरुले पर्यटन योजना, नीति, कार्यक्रम र आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्नु जरुरी छ । यही तथ्यलाई मध्यनजर गरी मैवाखोला गाउँपालिकाले सप्तवर्षीय पर्यटन गुरुयोजना निर्माण गरी कार्यान्वयन गर्ने जमर्को गरेको छ । योजनाको अनुमानित लागत **रु. ९,८२,५०,०००.००** रहेको छ ।

**यसरी गाउँपालिकाको पर्यटन गुरुयोजना निर्माण गर्दा पर्यटन विकासको सन्दर्भमा गाउँपालिकाभित्र विद्यमान प्रमुख समस्याहरु, चुनौतिहरु तथा उपलब्ध अवसर र अनुकूलताहरुको तथ्यपरक रुपमा विश्लेषण गरी यथार्थपरक योजना निर्माण गर्ने प्रयत्न गरिएको छ ।**

## ४.२ प्रमुख समस्या

गाउँपालिकाभित्र पर्यटन विकाससँग सम्बन्धित मुख्य समस्याहरु निम्न अनुसार छन्:-

- पर्यटन विकासको लागि सुस्पष्ट सोंच, योजना र कार्यक्रम नुहुनु ।
- स्थानीय पर्यटकीय सम्भावनायुक्त सम्पदाहरुको ब्यवस्थापन र सदुपयोग हुन नसक्नु ।
- पर्यटन ब्यवसाय र यसबाट लिन सकिने लाभहरुको विषयमा ज्ञान र अभिरुचीको कमी हुनु ।
- पर्यटकमैत्री पर्यटन संस्कृतिको विकास हुन नसक्नु ।
- पर्यटन पूर्वाधारहरुको कमी हुनु ।
- पर्यटन पूर्वाधार विकासको लागि स्रोत-साधनको अभाव हुनु ।
- यो क्षेत्रको पर्यटन विकासमा सम्बन्धित सरकारी निकाय र निजी क्षेत्रको ध्यान पर्याप्त मात्रामा पुग्न नसक्नु, आदि ।

## ४.३ चुनौति

गाउँपालिकाभित्र पर्यटन विकासका मुख्य चुनौतिहरु निम्न अनुसार छन्:-

- स्थानीय वासिन्दाहरुको हित र पर्यावरण अनुकूल हुने गरी पर्यटन विकास गर्नु ।
- पर्यटकमैत्री पर्यटन संस्कृतिको विकास तथा निजी क्षेत्रको क्षमता अभिबृद्धि गर्नु ।
- पर्यटन पूर्वाधार निर्माणको लागि आवश्यक बित्तीय र अन्य स्रोत साधनको ब्यवस्था मिलाउनु ।
- स्थानीय पर्यटनको बेञ्चमार्किङ, प्रचार-प्रसार र बजारीकरण गर्नु ।
- पर्यटन क्षेत्रबाट गाउँपालिकाको राजश्व बृद्धि गर्ने सवाल, आदि ।

## ४.४ अवसर

गाउँपालिकाभित्र पर्यटन विकासको लागि उपलब्ध अवसर र अनुकूलताहरु निम्नानुसार छन्:-

- गुराँसको राजधानीको उपमाले चिनिने यस गाउँपालिकाको मिल्के क्षेत्र नेपालका १०० वटा प्रमुख पर्यटकीय गन्तब्यहरु मध्ये एक "तीनजुरे-मिल्के-जलजले क्षेत्र" को मध्य भागमा पर्नु ।
- काठमाडौंबाट बिराटनगर बिमानस्थल हुँदै एकै दिनमा पुग्न सकिने ।
- एकातिर मदन भण्डारी मार्ग र अर्कोतिर तमोर कोरिडोर भएकोले दुई तर्फी यात्रा गर्न सकिने ।
- पर्यटकहरुको लागि आकर्षक मध्यम दूरीको "मिल्के-डल्ले-गिद्धे-असाङलुङ-साम्तुङ-दोभान पर्यटक पदमार्ग" निर्माण गर्न सकिने ।
- मिल्के क्षेत्रमा पाइने २८ प्रजातिका गुराँस र दुर्लभ उच्च हिमाली जडिबुटीहरुको वानस्पतिक बगैंचा (Botanical Garden) र जैविक विविधता अध्ययन केन्द्र स्थापना गर्न सकिने ।
- ऐतिहासिक असाङलुङ क्षेत्रलाई याक्थुङ समुदायको प्रमुख धार्मिक-सांस्कृतिक गन्तब्यस्थलको रुपमा विकास गर्न सकिने,
- मिल्के क्षेत्रमा "सडक-रहित तोक्पेगोला रामसार क्षेत्र" प्रवेश गर्ने पर्यटकहरुलाई लक्षित गरी पर्यटक चेक प्वाइन्ट, सूचना/सेवा केन्द्र सहित प्रमुख प्रशासनिक केन्द्र स्थापना गर्न सकिने, आदि ।

## ४.५ दीर्घकालीन सोच

### दिगो पर्यटन र पर्यटनमैत्री संस्कार : मैवाखोला गाउँपालिकाको समुन्नतिको आधार

## ४.६ लक्ष्य

गाउँपालिकाभित्र पर्यटन क्षेत्रको दिगो ब्यवस्थापन मार्फत स्थानीय नागरिकहरुको रोजगारी र आय आर्जनका अवसरहरु बृद्धि गर्ने ।

## ४.७ उद्देश्य

१. मैवाखोला गाउँपालिकालाई आकर्षक पर्यापर्यटकीय गन्तब्यस्थलको रुपमा विकास गर्ने ।
२. मैवाखोला गाउँपालिकामा आउने आन्तरिक एवं वाह्य पर्यटकहरुको संख्या, बसाइँ र प्रति पर्यटक औसत दैनिक खर्च (क्रय दर) बृद्धि गर्ने ।
३. पर्यटन विकासको माध्यमबाट रोजगारी र स्वरोजगारीका अवसरहरु बढोत्तरी गरी स्थानीय वासिन्दाहरुको आयस्तर बृद्धि गर्ने ।

## ४.८ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. पर्यटकीय गन्तब्यस्थलहरुको पहिचान, विकास तथा प्रबर्द्धन गर्ने । | १. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९ (३) बमोजिम पर्यटकीय क्षेत्र र स्थलहरु घोषणा गरी यथोचित विकास गरिनेछ ।<br>२. प्रमुख पर्यटकीय क्षेत्र र स्थलहरुमा सडक पानी, बिजुली, इन्टरनेट जस्ता आधारभूत पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिइनेछ ।<br>३. अत्यावश्यक पर्यटकीय पूर्वाधारहरुको विकास गर्नको लागि सुस्पष्ट योजना निर्माण गरी लागू गरिनेछ ।<br>४. उपयुक्त प्रचार सामग्रीहरु प्रयोग गरी त्यस्ता पर्यटकीय स्थलहरु र उपजहरुको प्रचार-प्रसार र प्रबर्द्धन गरिनेछ ।<br>५. सूचना प्रबिधि र सामाजिक सञ्जालहरुको समुचित उपयोग गरिनेछ ।<br>६. पर्यटन क्षेत्रसँग सम्बन्धित सरकारी निकायहरु, निजी क्षेत्र र तिनका प्रतिनिधिमूलक संस्थाहरु, गैर-आवासीय नेपाली संघ र स्वदेश तथा विदेशमा रहेका नेपालीहरुसँग समन्वय र सहकार्य गरिनेछ ।<br>७. पर्यटन प्रबर्द्धनको लागि महोत्सवहरु आयोजना गरिनेछ । |
| २. पर्यटन सेवाहरुको ब्यवस्थापन तथा गुणस्तर बृद्धि गर्ने । | १. यातायात, होटल, लज, रेष्टुरेण्ट, किनमेल केन्द्र, कोसेली घर जस्ता अत्यावश्यक सेवाहरुको ब्यवस्थापन र गुणस्तर बृद्धि गरिनेछ ।<br>२. यस्ता सेवाहरुको ब्यवस्थापनमा स्थानीय युवा र निजी क्षेत्रलाई आकर्षित र उत्प्रेरित गर्न आवश्यक वातावरण निर्माण गरिनेछ ।<br>३. स्थानीय युवा र निजी क्षेत्रको क्षमता अभिबृद्धिको लागि तालिम, अवलोकन भ्रमण र अन्य उपायहरु अवलम्बन गरिनेछ ।<br>४. पर्यटन सेवाहरुको गुणस्तर बृद्धिको लागि प्रसंशनीय खोज (Appreciative Enquiry) र अन्य विधिहरुबाट लेखाजोखा गरिनेछ । |
| ३. पर्यटन र स्थानीय अर्थतन्त्र बीचको अन्तर-सम्बन्धलाई मजबुत बनाउने । | १. यातायात, होटल, लज, रेष्टुरेण्ट, किनमेल केन्द्र जस्ता आधारभूत पर्यटन सेवाहरु सञ्चालन गर्ने तथा पथप्रदर्शक, कुक जस्ता जनशक्ति उत्पादनमा स्थानीय युवा र उद्यमीहरुलाई पहिलो ग्राह्यता दिइनेछ ।<br>२. पर्यटन क्षेत्रमा स्थानीय वासिन्दाहरुको सहभागिता अभिबृद्धि गर्न विविध उत्प्रेरणामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>३. होटल, लज, रेष्टुरेण्ट र होमस्टेहरुमा यथासम्भव स्थानीय कृषि उपजहरुको प्रयोग गर्न उत्प्रेरित र सबलीकरण गरिनेछ ।<br>४. परम्परागत कला, सीप र प्रविधिमा आधारित कोसेलीजन्य वस्तुहरुको उत्पादनमा विशेष जोड दिइनेछ ।<br>५. सार्वजनिक-निजी साझेदारीको अवधारणा अनुरुप पर्यटन क्षेत्रमा स्थानीय समुदायले लगानी गर्न सक्ने वातावरण निर्माण गरिनेछ ।<br>६. पर्यटन उपजहरुको विविधीकरण मार्फत गाउँपालिकाको राजश्व विविधीकरण तथा राजश्व बृद्धि गर्न विशेष जोड दिइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ४. पर्यटन विकासको लागि लगानी-मैत्री वातावरण निर्माण गर्ने । | १. मुख्य पर्यटकीय क्षेत्रहरुमा सडक, यातायात, खानेपानी, बिजुली, पर्यटक सूचना केन्द्र, पर्यटक सेवा तथा उपचार केन्द्र, इन्टरनेट जस्ता आधारभूत पूर्वाधार विकासमा विशेष जोड दिइनेछ ।<br>२. वानस्पतिक बगैंचा, भ्यू-टावर, उद्यान, पार्क, वनभोजस्थल, शहीद पार्क जस्ता पूर्वाधारहरुको निर्माणलाई उच्च प्राथमिकता दिइनेछ ।<br>३. स्थानीय युवा र उद्यमीहरुलाई पर्यटन ब्यवसाय सञ्चालन गर्न कर्जा र अन्य वित्तीय सेवा उपलब्ध गराउन सहजीकरण गरिनेछ ।<br>४. पर्यटन सेवा तथा पूर्वाधार विकासको क्षेत्रमा लगानी अभिबृद्धि गर्न संघ, प्रदेश र स्थानीय तहका सरकारी निकायको अतिरिक्त बेलायत, अमेरिका, अष्ट्रेलिया, हङकङ लगायत विश्वका विभिन्न राष्ट्रहरुमा रहेका मैवाखोला गाउँपालिकावासी नेपालीहरुसँग समेत सार्थक छलफल, समन्वय र सहकार्य गरिनेछ । |
| ५. संस्थागत विकास र सुदृढीकरण गर्ने । | १. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम गाउँ कार्यपालिका मातहत एक पर्यटन समिति गठन गरी गाउँपालिकाभित्र पर्यटन क्षेत्रको विकास कार्यलाई ब्यवस्थित रुपमा अगाडि बढाइने छ ।<br>२. मिल्के क्षेत्रमा मूल प्रवेशद्वार र पर्यटक सूचना केन्द्र सहितको **पर्यटन केन्द्र** स्थापना गरी पर्यटकहरुको लगत राख्ने, आवश्यक प्रशासनिक सेवा उपलब्ध गराउने, करको दायराभित्र ल्याउने र समग्र पर्यटकीय गतिविधिहरुको निगरानी एवं अनुगमन गर्ने ब्यवस्था मिलाइने छ ।<br>३. बैज्ञानिक, पारदर्शी र सर्वग्राह्य विधि प्रकृयाबाट पर्यटक र पर्यटन ब्यवसायीहरुबाट लिइने शुल्क, कर र दस्तुर निर्धारण गरिनेछ ।<br>४. गाउँपालिकाको पर्यटन सम्बन्धी छुट्टै बिद्युत्तीय पोर्टल मार्फत पर्यटकीय उपज र गतिविधिहरु अध्यावधिक गरी विश्वभर प्रचार-प्रसार गरिनेछ । |

## ४.९ अपेक्षित उपलब्धि

यो योजनाको अन्त्यसम्ममा,

१. बाह्य पर्यटक संख्या वार्षिक ५,००० र आन्तरिक पर्यटक संख्या वार्षिक ५०,००० पुग्नेछ ।

२. पर्यटन क्षेत्रमा कम्तीमा १०० जना स्थानीय युवाले रोजगारी र ५० जना उद्यमीहरुले स्वरोजगारीको अवसर प्राप्त गर्नेछन् ।

३. पर्यटक प्रवेश शुल्क, ब्यवसाय कर र अन्य गरी गाउँपालिकाको राजश्वमा पर्यटन क्षेत्रको योगदान वार्षिक रु. ५०,००,००० वा सोभन्दा बढी हुनेछ ।

४. गाउँपालिकाको कूल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान ५ प्रतिशत पुग्नेछ ।

५. पर्यटन ब्यवसाय स्थानीय नागरिकहरुको सामाजिक-आर्थिक जीवनको हिस्सा बन्नेछ ।

## ४.१० नतिजा खाका

| नतिजा स्तर | नतिजा सूचक | इकाइ | आधार वर्ष २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | जिम्मेवार निकाय | पूर्वशर्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | **गाउँपालिकाको अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान** | | | | | | | | | | | | | |
| | गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | ० | ० | ०.५० | १.०० | २.०० | ३.०० | ४.०० | ५.०० | आर्थिक सर्वेक्षण | पर्यटन समिति | | |
| | स्थानीय पर्यटन क्षेत्रबाट रोजगारी | संख्या | ० | ० | १० | २० | ५० | ७५ | १०० | १०० | आर्थिक सर्वेक्षण | पर्यटन समिति | | |
| | स्थानीय पर्यटन क्षेत्रबाट स्वरोजगारी | संख्या | १३ | १५ | २० | ३० | ४० | ५० | ५० | ५० | आर्थिक सर्वेक्षण | पर्यटन समिति | | |
| | राजश्वमा पर्यटन क्षेत्रको योगदान | हजार | ० | ० | १०० | ५०० | १,००० | १,५०० | २,००० | २,५०० | आर्थिक सर्वेक्षण | पर्यटन समिति | | |
| | | | | | | | | | | | | | | |
| असर | **असर १: पर्यटकीय स्थलहरुको पहिचान, प्रचार-प्रसार र प्रबर्द्धन भएको हुनेछ ।** | | | | | | | | | | | | | |
| | पर्यटकीय क्षेत्र घोषणा | संख्या | ० | १ | ० | ० | ० | ० | ० | ० | प्रतिवेदन | पर्यटन समिति | राजनीतिक सहमति जुटछ | |
| | पर्यटकीय पदमार्ग घोषणा | संख्या | ० | १ | ० | ० | ० | ० | ० | ० | प्रतिवेदन | पर्यटन समिति | | |
| | प्रमुख पर्यटकीय स्थल घोषणा | संख्या | ० | ३ | ० | ० | ० | ० | ० | ० | प्रतिवेदन | पर्यटन समिति | | |
| | पर्यटन महोत्सव आयोजना | संख्या | ० | १ | ० | ० | ० | ० | १ | ० | प्रतिवेदन | पर्यटन समिति | | |
| | | | | | | | | | | | | | | |
| | **असर २: पर्यटकीय पूर्वाधारहरुको विकास भएको हुनेछ ।** | | | | | | | | | | | | | |
| | पर्यटन केन्द्र भवन निर्माण | संख्या | ० | १ | ० | ० | ० | ० | ० | ० | सम्पन्न प्रतिवेदन | पर्यटन समिति | संघ र प्रदेशबाट आवश्यक अनुदान जुटछ । | |
| | पर्यटन सूचना केन्द्र स्थापना | संख्या | ० | १ | ० | ० | ० | ० | ० | ० | सम्पन्न प्रतिवेदन | पर्यटन समिति | | |
| | पर्यटकीय पदमार्ग निर्माण | संख्या | ० | १ | ० | ० | ० | ० | ० | ० | सम्पन्न प्रतिवेदन | पर्यटन समिति | | |
| | दृश्यावलोकन गृह (दूरविन सहित) निर्माण | संख्या | ० | ० | १ | ० | ० | ० | ० | ० | सम्पन्न प्रतिवेदन | पर्यटन समिति | | |
| | वानस्पतिक बगैंचा निर्माण | संख्या | ० | ० | १ | ० | ० | ० | ० | ० | सम्पन्न प्रतिवेदन | पर्यटन समिति | | |
| | शहीद स्मारक पार्क र भ्यू-टावर निर्माण | संख्या | ० | ० | ० | ० | ० | १ | ० | ० | सम्पन्न प्रतिवेदन | पर्यटन समिति | राजनीतिक सहमति जुटछ । | |
| | वनभोजस्थल निर्माण | संख्या | ० | ० | १ | १ | १ | ० | ० | ० | सम्पन्न प्रतिवेदन | पर्यटन समिति | | |
| | असाङलुङ परिक्रमा-पथ, भर्याङ र तिर्थालु आश्रम निर्माण, झरना/पोखरीहरु सजाउने | संख्या | ० | ० | १ | ० | ० | ० | ० | ० | सम्पन्न प्रतिवेदन | पर्यटन समिति | | |
| | फागोहाङ माङ्गेन्नायक निर्माण | संख्या | ० | ० | ० | १ | ० | ० | ० | ० | सम्पन्न प्रतिवेदन | पर्यटन समिति | | |
| | धार्मिक-सांस्कृतिक सम्पदा मार्ग निर्माण | संख्या | ० | ० | ० | ० | १ | ० | ० | ० | सम्पन्न प्रतिवेदन | पर्यटन समिति | | |
| | काङसोरे स्मारक निर्माण | संख्या | ० | ० | ० | ० | ० | ० | १ | ० | सम्पन्न प्रतिवेदन | पर्यटन समिति | | |
| | मदन भण्डारीको जन्मघर | संख्या | ० | १ | ० | ० | ० | ० | ० | ० | प्रतिष्ठान अभिलेख | म.भ.प्रतिष्ठान | बजेट ब्यवस्था हुन्छ । | |
| | रंगशाला निर्माण | संख्या | ० | १ | ० | ० | ० | ० | ० | ० | सम्पन्न प्रतिवेदन | पर्यटन समिति | | |

| नतिजा स्तर | नतिजा सूचक | इकाइ | आधार वर्ष २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | जिम्मेवार निकाय | पूर्वशर्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **असर ३: पर्यटन सेवा प्रदायकहरुको क्षमता विकास भएको हुनेछ ।** | | | | | | | | | | | | | |
| | होमस्टे ब्यवस्थापन तालिम, भ्रमण | संख्या | ० | १ | १ | ० | ० | ० | ० | ० | सम्पन्न प्रतिवेदन | पर्यटन समिति | बजेट उपलब्ध हुन्छ । | |
| | कोसेली घर ब्यवस्थापन तालिम | संख्या | ० | १ | १ | १ | ० | ० | ० | ० | सम्पन्न प्रतिवेदन | पर्यटन समिति | | |
| | पथप्रदर्शक तालिम | संख्या | ० | १ | १ | ० | ० | ० | ० | ० | सम्पन्न प्रतिवेदन | पर्यटन समिति | | |
| | कुक तालिम | संख्या | ० | १ | १ | ० | ० | ० | ० | ० | सम्पन्न प्रतिवेदन | पर्यटन समिति | | |
| | हस्पिटालिटी तालिम | संख्या | ० | ० | १ | ० | ० | ० | ० | ० | सम्पन्न प्रतिवेदन | पर्यटन समिति | | |
| | होटल ब्यवस्थापन तालिम | संख्या | ० | १ | १ | ० | ० | ० | ० | ० | सम्पन्न प्रतिवेदन | पर्यटन समिति | | |
| | | | | | | | | | | | | | | |
| | **असर ४: पर्यटन सेवाहरुको विकास र गुणस्तर सुधार भएको हुनेछ ।** | | | | | | | | | | | | | |
| | विदेशी पर्यटक स्तरको यातायात सेवा सञ्चालन | संख्या | ० | १ | १ | १ | १ | १ | १ | १ | रुट पर्मिट | पर्यटन समिति | निजी क्षेत्रको भूमिका सकारात्मक हुन्छ । | निजी क्षेत्र |
| | विदेशी पर्यटक स्तरको बेड | संख्या | ० | ० | २० | ५० | १०० | १०० | १५० | २०० | सर्वेक्षण रिपोर्ट | पर्यटन समिति | | निजी क्षेत्र |
| | सामान्य स्तरको बेड | संख्या | १०४ | १२० | १५० | २०० | २०० | २०० | २५० | ३०० | सर्वेक्षण रिपोर्ट | पर्यटन समिति | | निजी क्षेत्र |
| **असर** | कोसेली तथा किनमेल केन्द्र | संख्या | ० | १ | २ | ३ | ० | ० | ० | ० | सर्वेक्षण रिपोर्ट | पर्यटन समिति | | निजी क्षेत्र |
| | होमस्टे | संख्या | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | सर्वेक्षण रिपोर्ट | पर्यटन समिति | | निजी क्षेत्र |
| | रेष्टुरेण्ट तथा बार | संख्या | ११ | १५ | २० | २५ | २५ | २५ | २५ | २५ | सर्वेक्षण रिपोर्ट | पर्यटन समिति | | निजी क्षेत्र |
| | पर्यटन क्षेत्रमा लगानीको लागि सम्मेलन | संख्या | ० | १ | १ | १ | ० | ० | ० | ० | निर्णय पुस्तिका | पर्यटन समिति | | |
| | | | | | | | | | | | | | | |
| | **असर ५: संस्थागत विकास र सुदृढीकरण भएको हुनेछ ।** | | | | | | | | | | | | | |
| | पर्यटन समितिको गठन कार्यविधि तर्जुमा, समिति गठन र क्षमता विकास | संख्या | ० | १ | ० | ० | ० | ० | ० | ० | स्था. राजपत्र, निर्णय पुस्तिका | कार्यपालिका | राजनीतिक सहमति जुटछ । | |
| | पर्यटन पूर्वाधारहरुको डीपीआर निर्माण | संख्या | ० | १ | १ | १ | ० | ० | ० | ० | निर्णय पुस्तिका | कार्यपालिका | | |
| | पर्यटन केन्द्र सञ्चालन | संख्या | ० | १ | ० | ० | ० | ० | ० | ० | सम्पन्न प्रतिवेदन | पर्यटन समिति | | |
| | पर्यटन सम्बन्धी छुट्टै बिद्युत्तीय पोर्टल निर्माण तथा सञ्चालन | संख्या | ० | १ | ० | ० | ० | ० | ० | ० | पालिका वेबसाइट | पर्यटन समिति | | |
| | गाउँपालिकाले लिने प्रवेश शुल्क, सेवा शुल्क, कर तथा दस्तुर निर्धारण | संख्या | ० | १ | ० | ० | ० | ० | ० | ० | पालिका अभिलेख | कार्यपालिका | | |

## ४.११ कार्यक्रमहरु

मैवाखोला गाउँपालिकाको सप्तवर्षीय पर्यटन गुरुयोजना अन्तर्गतका प्रमुख कार्यक्रम र आयोजनाहरु निम्न अनुसार छन्:-

| कार्यक्रम | आयोजनाहरु/कृयाकलापहरु | अनुमानित लागत (हजारमा) |
|---|---|---|
| १. पर्यटकीय क्षेत्रहरुको पहिचान, विकास, प्रबर्द्धन | **पर्यटकीय क्षेत्र घोषणाः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९ (३) बमोजिम **"मिल्के-गोरुजुरे-असाङलुङ क्षेत्र"** लाई गाउँपालिकाको पर्यटकीय क्षेत्र घोषणा गरी आवश्यक पूर्वाधार विकास मार्फत मुख्य पर्यटकीय गन्तब्यको रुपमा विकास गर्ने । | १,००० |
| | **पर्यटकीय पदमार्ग घोषणाः**<br>"मिल्के-डल्ले-गिद्धे-असाङलुङ-साम्तुङ-दोभान पर्यटकीय पदमार्ग" घोषणा गरी आवश्यक पूर्वाधार विकास, प्रचार-प्रसार र प्रबर्द्धन गर्ने । | |
| | **पर्यटकीय स्थल घोषणाः**<br>गाउँपालिकाभित्रका मिल्के, झ्याउपोखरी, असाङलुङ क्षेत्र, मदन भण्डारीको जन्मघर, माङमाया झरना, देवल ढुङ्गा, सङ्घटे डाँडा, खोपीचौर गुफा, फागोहाङ माङ्गेन्ना यक जस्ता स्थलहरुलाई मुख्य पर्यटकीय स्थलको रुपमा घोषणा गरी आवश्यक पूर्वाधार विकास गरेर यथासम्भव स्थानीय सम्पदा मार्गमा जोड्ने । | |
| | **पर्यटन महोत्सवः**<br>पर्यटकीय क्षेत्र, पदमार्ग र स्थलहरुको घोषणा, प्रचार-प्रसार र प्रबर्द्धनको लागि नेपाल भ्रमण वर्ष २०२० को अवसरमा भव्य रुपमा पर्यटन महोत्सव आयोजना गर्ने र हरेक ५/५ वर्षमा त्यस्तो महोत्सव आयोजना गर्ने । | |
| २. पर्यटकीय पूर्वाधार विकास | **पर्यटन केन्द्र भवन निर्माणः**<br>गाउँपालिका र उत्तरी क्षेत्र प्रवेश गर्ने मुख्य नाकाको रुपमा रहेको मिल्के नाकामा आकर्षक प्रवेशद्वार सहित प्रयटन केन्द्र भवन निर्माण गर्ने । त्यस भवनभित्र पर्यटक अभिलेखीकरण डेस्क, बिद्युत्तीय पर्यटन सूचना केन्द्र, किनमेल तथा कोसेली घर र क्याफे रहने ब्यवस्था मिलाउने । | ३०,००० |
| | **पर्यटकीय पदमार्ग निर्माणः**<br>घोषित "मिल्के-डल्ले-गिद्धे-असाङलुङ-साम्तुङ-दोभान पर्यटकीय पदमार्ग"को मर्मत/स्तरोन्नति गर्ने, क्याम्प साइटहरु निर्माण गर्ने र आवश्यक स्थानहरुमा टी-हाउस र पर्यटक सहयोगी आवासहरु (Porter Shelters) निर्माण गर्ने । | १,००० |
| | **दृश्यावलोकन गृह निर्माणः**<br>पर्यटन केन्द्र भवन र वानस्पतिक बगैंचाको आसपास उपयुक्त स्थानमा दूरवीन सहितको दृश्यावलोकन गृह वा भ्यू-टावर निर्माण गर्ने । | २०,००० |

| कार्यक्रम | आयोजनाहरु/कृयाकलापहरु | अनुमानित लागत (हजारमा) |
|---|---|---|
| २. पर्यटकीय पूर्वाधार विकास | **वानस्पतिक बगैंचा (Botanical Garden) निर्माणः**<br>पर्यटन केन्द्र भवनदेखि झ्याउपोखरीसम्मको उपयुक्त स्थानमा २८ वटै प्रजातिका गुराँस र अन्य वहुमूल्य एवं दुर्लभ हिमाली जडिबुटीहरुको बिस्तृत विवरण सहितको जीवित वानस्पतिक बगैंचा (Botanical Garden) निर्माण गर्ने । त्यसभित्र सुक्ष्म पुस्तकालय (Mini Library), वानस्पतिक प्रयोगशाला (Botanical Lab) सहितको अध्ययन केन्द्र निर्माण गर्ने र भविष्यमा जैविक विविधता अध्ययन केन्द्रको रुपमा विकास गर्ने । | १०,००० |
| | **शहीद पार्क निर्माणः**<br>वडा नं. ४ स्थित संखटे डाँडामा शहीदहरुको प्रतिमा, भ्यू-टावर र बगैंचा सहितको आकर्षक शहीद पार्क निर्माण गर्ने । यसलाई प्रमुख वनभोजस्थलको रुपमा विकास गर्ने । | २०,००० |
| | **असाङलुङ क्षेत्रमा पूर्वाधार निर्माणः**<br>वडा नं. ६, साम्तुङको शीरमा रहेको ऐतिहासिक असाङलुङ ढुङ्गा वरीपरी आकर्षक परिक्रमा पथ, आराधना स्थल, ढुङ्गाको टुप्पोसम्म पुग्न भर्याङ र नजिकै उपयुक्त स्थानमा त्यहाँ आउने तिर्थालुहरुको लागि आश्रम वा विश्राम गृह निर्माण गर्ने । यहाँ रहेको जोरढुङ्गा, झरनाहरु र पोखरीहरुमा आवश्यकता अनुसार पूर्वाधार निर्माण र सजावटका कार्यहरु गर्ने । | ५,००० |
| | **होटल, लज, रिसोर्ट निर्माणः**<br>मिल्के, झ्याउपोखरी, साँघुपाटी, मदन भण्डारी स्मृति रंगशाला क्षेत्र जस्ता प्रमुख पर्यटकीय स्थलहरुमा स्तरीय र विदेशी पर्यटक स्तरका होटल, लज र रिसोर्टहरु निर्माण गरी सञ्चालन गर्न निजी क्षेत्रसँग सार्थक सम्वाद र पहल गर्ने । | १,००,००० |
| | **फागोहाङ माङ्गेन्ना यक निर्माणः**<br>वडा नं. २, पिरिङ्गेस्थित ऐतिहासिक फागोहाङ माङ्गेन्ना यकमा भवन, पूजाआजास्थल, शुक्ष्म संग्रहालय, उद्यान र अन्य संरचनाहरु निर्माण गरी धार्मिक-सांस्कृतिक पर्यटन स्थलको रुपमा विकास गर्ने । | ५,००० |
| | **काङसोरे स्मारक पार्क निर्माणः**<br>ऐतिहासिक पात्र काङसोरेले आश्रय लिएको विश्वास गरिएको खोपीचौर गुफामा काङसोरेको वीरता झल्किने गरी हतियार सहित घोडामा सवार प्रतिमा सहितको आकर्षक काङसोरे स्मारक पार्क निर्माण गर्ने । | ५,००० |
| | **होमस्टे सञ्चालनः**<br>वडा नं. ६, साम्तुङ र अन्य उपयुक्त स्थानहरुमा सामुदायिक होमस्टे सञ्चालन गर्न आवश्यक सहयोग र समन्वय गर्ने । | १०,००० |

| कार्यक्रम | आयोजनाहरु/कृयाकलापहरु | अनुमानित लागत (हजारमा) |
|---|---|---|
| २. पर्यटकीय पूर्वाधार विकास | **मदन भण्डारी स्मृति रंगशाला निर्माणः**<br>निर्माणाधीन मदन भण्डारी स्मृति रंगशालाको निर्माण सम्पन्न गरी भविष्यमा मदन भण्डारी स्मृति गोल्ड कप फूटबल र अन्य खेलकूदहरु आयोजना गरी खेलकूद पर्यटन प्रबर्द्धन गर्ने । | १,५०,००० |
| | **मदन भण्डारीको जन्मघरः**<br>वडा नं.२, ठोट्नेमा अवस्थित मदन भण्डारीको जन्मघर क्षेत्रको विकासको लागि विगतमा निर्माण गरिएको गुरुयोजना अनुरुप कार्य अगाडि बढाउने । | गुरुयोजना अनुसारको लागत |
| | **वनभोजस्थल निर्माणः**<br>झ्याउपोखरी क्षेत्र, माङमाया झरना क्षेत्र, छाँगा रिङ्बो क्षेत्र र अन्य उपयुक्त स्थानहरुमा फूलबारी, बगैंचा र भ्यू-टावर सहितका वनभोजस्थलहरु निर्माण गर्ने । | ९०० |
| | **धार्मिक-सांस्कृतिक सम्पदा मार्गः**<br>पर्यटकहरुको बसाइँ र क्रयदर बढाउन गाउँपालिकाभित्रका पर्यटकीय स्थलहरु र धार्मिक-सांस्कृतिक सम्पदाहरुलाई जोडेर उपयुक्त सम्पदा मार्ग (Heritage Trail/Circuit) निर्माण गरी ब्यापक रुपमा बजारीकरण गर्ने । | १,००० |
| ३. क्षमता विकास | **होमस्टे ब्यवस्थापन तालिम तथा अवलोकन भ्रमणः**<br>साम्तुङ लगायत होमस्टेको लागि सम्भाब्य स्थानबाट छानिएका युवा र उद्यमीहरुलाई होमस्टे ब्यवस्थापन तालिम र अवलोकन भ्रमण ब्यवस्था गर्ने, अवलोकन भ्रमणलाई तालिमकै हिस्साको रुपमा सञ्चालन गर्ने । | १,००० |
| | **कोसेली उत्पादन तथा कोसेली घर ब्यवस्थापन तालिम**<br>आन्तरिक एवं वाह्य पर्यटकहरुको रुचीमा आधारित कोसेलीहरु उत्पादन गरी उनीहरुको क्रयदर बढाउन कोसेली उत्पादन तथा कोसेली घर ब्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने । | ६०० |
| | **पथप्रदर्शक, कुक, हस्पिटालिटी र होटल ब्यवस्थापन तालिमः**<br>स्थानीय युवा र उद्यमीहरु मध्ये योग्य उम्मेद्वारहरु छनौट गरी स्थानीय तह वा अन्य उपयुक्त स्थानमा लगेर त्यस्ता तालिमहरु प्रदान गर्ने । | १,००० |
| ४. पर्यटन सेवाहरुको विकास र गुणस्तर सुधार | **लगानी सम्मेलनः**<br>होटल, लज, रिसोर्ट, किनमेल केन्द्र, यातायात र परिवहन जस्ता अत्यावश्यक पर्यटन सेवा तथा पूर्वाधार विकासको लागि आवश्यक लगानी जुटाउन सरकारी निकाय, पर्यटन क्षेत्रसँग सम्बन्धित निजी क्षेत्र, तिनका प्रतिनिधिमूलक संघसंस्थाहरु र स्वदेश तथा विदेशमा रहेका मैवाखोला गाउँपालिकावासीहरुसँग लगानी सम्बन्धी छलफल र सम्मेलनहरु आयोजना गर्ने । | १,५०० |

| कार्यक्रम | आयोजनाहरु/कृयाकलापहरु | अनुमानित लागत (हजारमा) |
|---|---|---|
| ५. संस्थागत विकास र सुदृढीकरण | **पर्यटन समितिको गठन सम्बन्धी कार्यविधि तर्जुमा तथा पर्यटन समिति गठन**<br>गाउँ कार्यपालिकाले पर्यटन समितिको गठन र सञ्चालन सम्बन्धी कार्यविधि तर्जुमा गरी त्यस्तो समितिको गठन गर्ने । | ०० |
| | **पर्यटन केन्द्र सञ्चालनः**<br>मिल्के नाकामा निर्माण गरिने पर्यटन केन्द्रको सञ्चालन गरी पर्यटकहरुलाई स्थानीय करको दायराभित्र ल्याउने, सूचना केन्द्रको व्यवस्थापन र सञ्चालन गर्ने, पर्यटकीय गतिविधिहरुको निगरानी र अनुगमन गर्ने । | ०० |
| | **पर्यटन सम्बन्धी छुट्टै पोर्टल निर्माणः**<br>गाउँपालिकाभित्रको पर्यटन उद्योगका सम्पूर्ण पक्ष र आयामहरुलाई समेटेर विश्व सामु प्रस्तुत गर्न सहज होस् भन्ने हेतुले गाउँपालिकाले छुट्टै पर्यटन पोर्टल निर्माण गर्ने विश्वव्यापी रुपमा प्रचार-प्रसार र प्रबर्द्धन गर्ने । | २५० |
| | **राजश्व र दस्तुर निर्धारणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (घ) (३) बमोजिम गाउँपालिकाले पर्यटक र पर्यटन ब्यवसायीहरुबाट लिने प्रवेश शुल्क, सेवा शुल्क, कर र अन्य दस्तुर निर्धारण गरी लागू गर्ने । | ०० |
| | **डीपीआर निर्माण**<br>मिल्के क्षेत्र र असाङलुङ क्षेत्र लगायतका मुख्य पर्यटकीय स्थलहरुमा निर्माण गरिने पर्यटन पूर्वाधारहरु समयमै निर्माण गर्न आवश्यक स्रोत साधन जुटाउन र उपलब्ध स्रोत साधनहरुको अधिकतम सदुपयोग गर्न तिनीहरुकी डीपीआर निर्माण गरिने छ । | ५,००० |

## ४.१२ बजेट प्रक्षेपण

| बजेट प्रक्षेपण *(रु. हजारमा)* | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | **रंगशाला बाहेक** |
| बजेट | ८५,९५० | ७९,००० | ५७,००० | १,३०० | २०,००० | ५,००० | ०० | २,४८,२५० | **९८,२५०** |

अक्षरमाः रु. चौबिस करोड बयासी लाख पचास हजार मात्र । रंगशालाको लागत बाहेक **रु. नौ करोड बयासी लाख पचास हजार** मात्र ।